नवको लागि मानव अधिकार, मानव अधिकारका लागि उपयुक्त संस्कृति

भदौ-असोज (२०४९)

प्राची

संचेतना

गारिक आयोगको दायित्व पूरा

लिक प्रतिवेदन:सरकारको परीक्षा

रू ५

मानवका लागि मानवाधिकार,
मानव अधिकारका लागि उपयुक्त संस्कृति

प्राची
संचेतना

बर्ष १ अंक १, भदौ-असोज, ०४९ सेप्टेम्बर, १९९२

संस्थापकः सुशील-प्रकाश
संम्पादनः कुन्दन अर्याल
कला : रविन साय्मि
सज्जा : सोम राई
टाइप सेटिंग : निदेश कोइराला
पत्राचारः पो.ब. २७२६ काठमाण्डौं ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा संचालित मानवअधिकार तथा सामाजिक सचेतन अभिबृद्धि कार्यक्रमको नियमित प्रकाशन

यस पटक

सम्पादकीयः	प्रकाश काफ्लेले निर्देशन गर्नुभएको मार्ग	३
राष्ट्रिय परिवेशः	निर्वाचन, मानव अधिकार र प्रजातन्त्र	५
	निर्वाचित सरकारका पालामा भएको मानव अधिकार उल्लंघन	७
आजको मुद्दाः	यातना हिंसात्मक प्रवृतिको उपज हो	१०
संचेतनाका लागिः	मानवअधिकार सचेतन अभियानको सैद्धान्तिक पक्ष	२५
	सचेतन अभियानको समीक्षा	२८
सकृयताः	इन्सेक, देश भित्र र बाहिर	२१
सतहमा देखिएका कुराः	नागरिक आयोगको दायित्व पूरा	१२
	मल्लिक आयोग, चुनावी प्रतिशोध	
	संसदीय अधिवेशन	
अभियानः	कुराकानी, सचेतन कार्यक्रमको गतिविधि	१७
सीमाना पारीः	भारतका बँधुवा मजदूरहरु	२४
सचित्रः	स्व. काफ्लेको महायात्रा	१६
चित्रकथाः		३२

अब प्रकाशको उद्गम स्थलमै उसलाई हेरिएलाः पृष्ठ -२१

.....र साथमा लघुकथा, गीत तथा कविताहरु

मानव अधिकारको दमन गर्नेहरुमाथि कुनै कारवाही नगर्नेले मानव अधिकारको रक्षा गर्न सक्दैन भन्ने कुरा सरकारले बुझ्नु पर्ने हो । प्रजातान्त्रिक अधिकार का लागि उठेका जनतामाथि हिंसात्मक दमन चलाउनेहरुलाई खुशी पार्न खोजेर प्रजातन्त्र सुदृढ हुन सक्दैन ।

अन्तरिम कालका मन्त्री द्वय - निलाम्बर आचार्य र डा. देवेन्द्र राज पाण्डे

(प्रधान मन्त्रीले मल्लिक आयोगको प्रतिवेदनका आधारमा कसैमाथि कारवाही गर्न मिल्दैन भन्नु भएपश्चात उपरोक्त रायप्रति असहमति जनाउँदै जारी गरिएको वक्तव्यबाट)

.. .. तर बहुविवाहलाई मान्यता दिनु भनेको महिलाप्रति अन्याय र मानव अधिकार विरुद्ध हुन जान्छ । आजको समाजमा अन्याय, अत्याचार सहेर विवाह तोड्न नसक्ने, बन्धन भनी बस्ने स्थिति पनि नभएकाले कानूनमा सम्बन्ध-विच्छेद गरेर विवाह गर्नसक्ने प्रावधान पनि रहेको छ । अथवा सम्पत्ति दिइ छुट्याई अर्को विवाह गर्न सक्ने कानूनी प्रावधान हुँदाहुँदै त्यसलाई न अपनाएर अर्काको स्वतन्त्रताको ख्याल नगरी मानव अधिकार हनन गर्न पाइदैन । त्यसैले मन मिल्दैन बस्न सकिदैन भनेपछि कानूनको बाटो अपनाई जानुपर्छ नभए सजायको भागी हुनुपर्छ

- अधिवक्ता कल्याणी शाह, (सुरुची साप्ताहिक, साउन ३२)

यो मानव अधिकार शिक्षा आवश्यक छ भनेर पच्चीस वर्षदेखि भन्दै आएको छु । त्यो तीन तहमा दिइनुपर्छ, पहिलो विद्यालयहरुको पाठ्यक्रममा राख्नुपर्छ, दोश्रो आम जनचेतना जगाउने कार्यक्रम ल्याउनु पर्छ, तेश्रो प्रशासन तथा प्रहरी अधिकारीहरुलाई मानव अधिकार शिक्षा दिइनु पर्छ । यसका लागि सहयोग गर्न नेपाल मानव अधिकार संगठन तयार छ । सरकारले यसमा चासो देखाउनु पर्छ ।

- ऋषिकेश शाह (मातृभूमि साप्ताहिक,साउन ६)

शुरुवातमा केही कुरा

अढाई दशक अघि स्व. प्रकाश काफ्लेले थाल्नु भएको "प्राची" साहित्यिक संकलन त्यस बेला प्रगतिशील साहित्यको क्षेत्रमा संकल्पवद्ध र संघर्षरत युवा समुदायको प्रकाशन मानिन्थ्यो । अराजकतावाद र आतंकवादलाई क्रान्तिकारी मान्ने एकपक्ष र कोरा आदर्श अनि भावुकतालाई प्रगतिशीलता ठान्ने अर्को पक्षका बीचमा सही जनपक्षीय साहित्यको पक्षपोषण गर्न प्राचीले दृढ र अप्ठेरो कदम चाल्नु परेको थियो ।

देशका विकट ठाउँहरु र बाहिर नागालैण्ड, आसाम, दार्जिलिंग लगायतका क्षेत्रहरुका नेपाली भाषी प्रगतिशील पाठकहरुको

तत्कालीन प्राचीको एउटा अंक



आत्मीय माया र प्रोत्साहनका कारण प्राची वेला वखत प्रकाशित हुने गर्थ्यो ।

प्रकाश अव हामी बीच सशरीर हुनुहुन्न । तर वहाँको आदर्श, मूल्य, मान्यता र व्यवहार का कारण वहाँ एउटा अभियान बनिसक्नु भएको छ ।

हामी वहाँको अभियानका सहयोद्धा पथिकहरु, मानव अधिकारका वास्तविक मर्मज्ञ जुझारु साथीहरुको संकल्पबद्ध सकृयताको ढाडस पाएर प्राची – प्रकाशको लालिमाकासाथ तपाइहरु समक्ष पुनः पोखिएका छौं ।

आउनुहोस – पुराना, नयाँ सबै योद्धाहरु, जनचेतना र जनजागरणको अभियानमा, मानव अधिकारको न्यायपूर्ण र वास्तविक चेतनाको लहर श्रृजनागर्ने काममा, फेरि जुटौं ।

जय नेपाल

प्रकाश काफ्लेले निर्देशन गर्नु भएको मार्ग

इन्सेकका तत्कालिन निर्देशक तथा सुपरिचित मानवाधिकारवादी कार्यकर्ता प्रकाश काफ्ले भौतिक रुपमा यस संसारमा हुनुहुन्न भन्ने कुरालाई अब साँचो मान्नै पर्छ । यस नमीठो सत्यले अचानक धेरै कल्पनाहरुलाई भत्काई दिएको छ , धेरै सपनाहरुलाई उडाई दिएको छ । परन्तु, हरेक कुरोको एउटा सीमा हुन्छ । साउन सोह्रको महाकालले पनि भत्काउन नसकेको एउटा राजपथ छ,- प्रकाश काफ्लेले देखाउनु भएको, निर्देशन गर्नु भएको एउटा राजमार्ग । वहाँले स्थापित गर्नु भएको एउटा मूल्य, एउटा आदर्श-जसलाई कालले पनि खोस्न सकेको छैन ।

मानव अधिकारको क्षेत्रमा वहाँले स्थापित गर्नु भएको मूल्यले गर्दा नै नेपालमा मानव अधिकारको सुस्पष्ट अवधारणा विकसित हुन सक्यो । वाद र विवादको घेरा भन्दा माथि उठेर वहाँले यस क्षेत्रमा एउटा ध्वजा नै गाड्नु भएको छ । त्यस क्रममा वहां कतिपल्ट भाँचिनु भयो तर दोब्रिनु भएन ।

निर्भिक र निष्पक्ष दृष्टिले गर्दा नै आज वहाँ समयले साथ नदिए पनि आफ्नै कीर्तिको उज्यालोमा चम्किरहनु भएको छ । मृत्युले वहाँमाथि असमयमा धावा बोल्यो तर वहाँ अमर हुनुहुन्छ ।

विश्व मानव अधिकारको आन्दोलनमा म्याग्नाकार्टालाई नै आदि अभियान मानिन्छ । नेपालमा मानवाधिकारको दिशा निर्दिष्ट आन्दोलनको शुरुवातकर्ताहरुको चर्चा गर्ने हो भने प्रकाश काफ्ले नै अग्रीम पंक्तिमा पर्नु हुन्छ । म्याग्नाकार्टा जारी भएपछिका दिनहरुमा वेलायती संसदद्वारा पारित बील अफ राइट्स , अमेरिकी संविधान र फ्रान्सको विधान सभाद्वारा पारित नागरिक अधिकार को घोषणापत्र आदिले विश्व जनसमुदायलाई यस दिशामा सचेत बनाउँदै लग्यो । उन्नाइसौं शताब्दीको उत्तरार्धमामात्र विश्वका जनताले लिखित अवधारणामा मात्र भए पनि आफ्नो पंक्तिलाई प्रजावाट जनताको स्तरमा उकास्न सके । तर यसै धर्तीका हामी नेपालीले त्यसपछि पनि धेरै पर्खनु पऱ्यो ।

विश्वमा मूलत: मार्क्सवादको जन्म र प्रसार पश्चात मानवअधिकार सम्बन्धि अवधारणाले फरक धरातल खोज्न थाल्यो । रुसको अक्टुबर क्रान्तिपछि त यस सम्बन्धी अवधारणामा व्यावहारिक प्रभाव पर्न थाल्यो । शोषित वर्ग र अल्पसंख्यक जातिको आत्म निर्णयको अधिकार एवं आर्थिक समानताको अधिकार प्रति आँखा चिम्लिएर साँचो मानवअधिकारको रक्षा गर्न सकिदैन भन्ने त्यस क्रान्तिले अघि सारेको मान्यताले दोश्रो विश्व युद्धको समाप्ति संगै ठूलो महत्व पनि पाएको थियो ।

आजभन्दा चैवालीस बर्ष पहिले संयुक्त राष्ट्र संघले मानव अधिकारको विश्वव्यापी घोषणा अघि सारे पश्चात पहिलो चोटी मानवाधिकारका सम्बन्धमा सापेक्षित सर्वमान्य अवधारणाको अस्तित्व देखापरेको थियो । राष्ट्रसंघले स्रोह्र बर्ष पछि नागरिकको राजनैतिक अधिकार र आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी दुई छुट्टाछुट्टै संविदाहरु जारी गरेर मानव अधिकारलाई अझ आधारभुत ढंगले लागु गर्नुपर्ने आवश्यकता दर्शाएको थियो । तर नेपालको सरकारले बिगत जनआन्दोलन पश्चातमात्र त्यसमा हस्ताक्षर गऱ्यो ।

विश्वव्यापीरुपमा मानव अधिकारको एउटा स्पष्ट अवधारणा निकै अघि बढी सक्दा पनि हाम्रो देशको स्थिति बेग्लै थियो । राष्ट्रिय चेतना लामो समय सम्म त्यस्तै रह्यो । स्व. काफ्ले सहितको नयाँ पुस्ताले त्यो सून्यता तोड्न सक्रियताको आँधी चलाउनु परेको थियो । चेतनाको अभाव र अशिक्षाको पासोमा परेका नेपाली वास्तवमा ०४६ सम्म नै "प्रजा" रहेका थिए । गोरखाका लखन थापाले जंग बहादुरकै पालामा नागरिक हकको कुरा उठाएर शहादत प्राप्त गरेको भएपनि नेपालीले धेरैपछिसम्म नागरिकहरुको अधिकार पनि हुन्छ भन्ने कुरा थाहापाउनै पाएनन् । राजनैतिक अधिकार को कमी सम्वत १९९३मा राजधानीका केही अगुवा युवाहरुले महसुश गरेर प्रजापरिषदको गठन गरेका थिए । ००३ सालमा नेपाली राष्ट्रिय कांग्रेस पनि राजनीतिक अधिकार खोस्नकै निम्ति अघि सरेको थियो । त्यस्तै ००६ सालमा गठित नेपाल कम्यूनिष्ट पार्टीको पहिलो घोषणापत्रमा पनि "पूर्ण नागरिक स्वतन्त्रता" लाई छुट्टै बुंदामा समावेश गरी त्यसमा जोड दिइएको थियो । तर चार दशकपछि, नागरिक हकको कुरा उठाउने आदि पुरुष टंक प्रसाद आचार्यलाई साथलिदै प्रकाश काफ्ले र अन्य युवाहरु नै अघि बढ्नु पऱ्यो । विविध राजनीतिक पार्टीहरु माझ राजनैतिक स्वतन्त्रताको निम्ति साझा सहमति हुन सकेपनि मानवाधिकारका सम्बन्धमा सबैमा तादात्मयता हुन सकेन । आफ्नो मानव अधिकार मात्र हनन भइरहेको देख्ने प्रवृत्ति सबै कोणमा आज पनि बलशाली छ । यस दृष्टिले हेर्दा संवत १९९४ मा शुक्रराज शास्त्रीको अध्यक्षतामा गठीत नागरिक अधिकार समितिलाई नै नेपालको पहिलो मानवाधिकार संगठन मान्नु पर्ने पनि देखिन्छ । तर अत्यन्त छोटो अवधिमै त्यो संस्थाको अस्तित्व हराए पश्चात अति लामो समयसम्म नेपालमा बिशुद्ध मानवाधिकार संगठन नै देखा परेन । त्यतिबेलाको चेतनाको धरातलमा उभिएको त्यो संस्था मूलत: मानवाधिकारको कुरो उठाउने संस्था नै थियो भन्नु अत्युक्ति नहोला । तर त्यसको उद्देश्य सफलिभूत तुल्याउन, मासमले मात्र सक्यो, त्यसका निम्ति प्रकाश काफ्ले नै चाहियो ।

०१२ सालमा नेपालले संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गऱ्यो, तर नागरिक हकका सवालमा भने सरकारले अतिकति पनि उदारता देखाउनु आवश्यक ठानेन । सत्र सालमा सात सालले दिएको सीमित नागरिक हकमाथि पनि कुठाराघात भएपछि त विश्वका मानवअधिकारवादी संघसंस्थाहरुको कालो खातामा नेपालको नाम बार म्वार चढ्न थाल्यो ।

देशको त्यस्तै निस्सासिंदो परिवेशमा मानवअधिकारको सुस्पष्ट अत्याधुनिक र वैज्ञानिक अवधारणाकासाथ संवत ०४१ मा मानव अधिकार संरक्षण मंचको स्थापना भएको थियो र त्यसको धुरीमा हुनुहुन्थ्यो स्व. प्रकाश काफ्ले । त्यो यस्तो कालरात्रीको समय थियो जति वेला मानव अधिकारको पंचायती सूत्रहरु घोकाउन मै सारा

राज्य यन्त्र व्यस्त थियो । त्यतिवेला विश्व मानवाधिकार दिवसका दिन गृहमन्त्रीले रेडियोवाट वक्तव्य त दिन्थे तर जनताले कहिले टंक प्रसाद आचार्यको प्राङगणमा त कहिले क्याम्पस प्राङगणमा खुम्चिएर मानवाधिकारको कुरा गर्नु पर्थ्यो ।

राजधानीमा ०४६ को मानव अधिकार दिवस त्रि-चन्द्र क्याम्पसमा मनाइएको थियो । त्यहाँ बोल्दै वरिष्ठ अधिवक्ता लक्ष्मण अर्याललेभन्नु भएको थियो - "मुलुकको संविधान नै यस्तो छ कि ११ देखि १६ सम्मको धाराले जनतालाई अधिकार दिए जस्तो देखिन्छ तर धारा १७ ले ती सबै अधिकार लाई खोसेको छ । " त्यतिवेला सम्म धेरै जागरुक नागरिकहरुले संविधानको चिरफार गरेर यस प्रकार आलोचना गर्न थाली सकेका थिए । ऋषिकेश शाहले पनि पंचायतद्वारा मानव अधिकारको तीव्र उल्लंघन भएको कुरा महशुस गरी २०४५ मा नेपाल मानव अधिकार संगठनको स्थापना गर्नु भएको थियो । तर नेपालमा मानवाधिकार दिवस मनाउने परम्पराको सुरुवात सम्वत २०४१ देखि मानव अधिकार संरक्षण मञ्चले नै गरेको थियो र त्यस मंचको न्युक्लियसमा हुनुहुन्थ्यो स्व. काफ्ले ।

चाहे झापाको मेची किनारमा दश कदम परवाट प्रहरीद्वारा विद्यार्थी लक्ष्मी पाण्डेको हत्या हुँदा होस्, चाहे भक्तपुरका कामरेड रोहित र वहाँका सहयोगीहरुमाथि कर्ण हृयोजुको हत्या पश्चात भएको सरकारी ज्यादति होस् स्व. काफ्लेले तत्कालीन सत्ताद्वारा भएका अमानवीय कामहरुको अग्रीम पंक्तिमा उभिएर, तथ्यगत भर्त्सना गर्नु भएको थियो । जनआन्दोलनमा वहाँले खेल्नु भएको अविस्मरणीय भूमिकाको त राष्ट्रिय-अन्तरराष्ट्रिय स्तरमै मूल्याँकन भइरहेकै छ ।

जनताको अनुमोदनलाई सदैव उच्च सम्मान प्रदान गर्नसकेमात्र प्रजातन्त्र बलियो हुन सक्छ भन्ने मान्यता राख्ने स्व. काफ्लेले पंचायती कालदेखि हालै सम्पन्न स्थानीय निर्वाचनसम्मको प्रत्यक्ष र परोक्ष पर्यवेक्षण गर्नु भएको थियो । र वहाँ सधैं यस क्षेत्रमै हुने चुनावी धाँधलीहरुबाट चिन्तित हुनुहुन्थ्यो । बंगलादेशको गत आम चुनावमा पनिवहाँले सकृयताकासाथ अन्तरराष्ट्रिय पर्यवेक्षकको हैसियतमा पर्यवेक्षण कार्यमा भाग लिनु भयो । नेपालको संविधानलाई सक्दो प्रगतिशील बनाउन वहाँले तत्कालीन संविधान सुझाव आयोगलाई राष्ट्रिय-अन्तरराष्ट्रिय र व्यक्तिगत सल्लाह समेत जुटाई दिएर सहयोग गर्नु भएको थियो ।

पछिल्लो समयमा वहाँ मानव अधिकार का निम्ति आफैमा संस्था बनिसक्नु भएको थियो । वहाँलाई मानवाधिकारका अर्थमा राजनीतिक बन्धन भन्दा पृथक तर प्रतिबद्धता र आदर्शका हिसावले अत्यन्त अनुशासित मानिन्थ्यो । मानवाधिकारका निम्ति प्रजातान्त्रिक विकल्पको खोजीगर्न वहाँले जीवनको अन्त्यतिर विश्वका वरिष्ठतम मानवाधिकारवादीहरुलाई एउटै थलोमा भेलाभई बृहद छलफल चलाउन घच्घच्याइ रहनु भएको थियो ।

म्याक्सिम गोर्कीले कुनै ठाउँ भनेका छन्- "आज भन्दा अढाई हजार बर्ष अगाडि जुन मुर्दाको दर्शनले सिद्धार्थलाई बुद्ध बनाएको थियो त्यो मुर्दा के साच्चै निर्जिव थियो । त्यो मुर्दा थिएन, त्यो त कपिलबस्तुका हज्जारौ प्राणीहरुभन्दा सजीव थियो।" प्रकाश काफ्ले पनि भौतिक रुपमा निर्जिव हुनु भएको छ तपापि आफ्ना कीर्तिहरुमा वहाँ हाँसिर हनु भएको हामी देख्नेछौ । हामीले केवल वहाँले छोडेर जानु भएका ज्यावलद्वारा वहाँले बाँकि राखी दिनु भएको रोडा फुटाउन थाल्नु पर्दछ । हामी वहाँका सहयोद्धाहरुले यतिखेर यही प्रण गर्नु परेको छ ।

अरे पुलिस भाई,
भन म तिम्रो लागि पनि
त्यस्तो खतरनाक देखा पर्दैछु ?
भाई मेरो, साँचो भन मेरो काढिएको छाला
र मेरो मुखवाट बहिरहेको रगतमा
तिमी कुनै अपनत्व देखिरहेका छैनौ ?

- २३ मार्च १९८८ मा आतंकवादीहरुद्वारा मारिएका पंजाबका जनपक्षीय युवा कवि अवतार सिंह "पाश"

"प्रकाश ! अव आँशुमा अनुदित भएर बाँच ।"

- चन्द्र पोखरेल, पाँचथर

मृत्यु ! मुटुहिन विवशताको कालो घुम्टो ओढेर
फेरिपनि अनायास , प्रकाश सम्म घोप्टियो ।
कसले विर्सन सक्ला र त्यो उजाड श्रावण सोह्र
घोप्टे भीर ! तँ त पत्थर न होस् ,टुक्रा टुक्रा भएर -
मुटु त , हाम्रो पो चोइटियो ।

कदम ! हाम्रो अन्तरचेतनाको उचाइ छुन
जो उचालिएको थियो ।
सपना ! मुक्तिको प्रगाढ ज्वालामा एकपछि अर्को
परीक्षा पास गर्दै थियो ।

मृत्यु ! त्यस्तो नजिक थियो भनेर कसले सोचेको थियो ?

प्रकाश आँखाको माझैबाट ओझेल पर्यौ
र मात्रै अव आशुमा अनुदित भएर रह्यौ
र मात्रै अव स्मरणमा जीवित भएर रह्यौ ।

निर्वाचन–मानवअधिकार र प्रजातन्त्र

सुशील–प्रकाश

नेपाली काँग्रेसका तत्कालीन कार्यवाहक अध्यक्ष कृष्ण प्रसाद भट्टराई र त्यस वेलाको संयुक्त वाममोर्चाको अध्यक्ष सहाना प्रधानको संयुक्त अपीलद्वारा सुरु भएको छयालीसको जनआन्दोलन पश्चात बनेको अन्तरिम सरकारको प्रमुख पनि कृष्ण प्रसाद भट्टराई नै बन्नु भयो । जसरी उक्त संयुक्त अपीलको एक बुँदामा मानव अधिकारको रक्षा गर्नुपर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो, त्यसैगरी वहाँले प्रधान मन्त्री भए पश्चात मानव अधिकारको क्षेत्रमा देखापरेको स्थितिलाई सुधार्ने दिशामा सरकारलाई यथासक्य अगाडि बढाउनु पनि भएको थियो । सोही अवधिमा विगतको सत्ताले झुठो मुद्दामा फसाई बन्दी बनाएको कैयौ व्यक्तिहरुलाई मुक्त गरिएको थियो । त्यही समयमा बनेको नेपालको प्रजातान्त्रिक संविधानमा मानव अधिकारका कतिपय आधारभूत विषयबस्तुलाई समावेश गरिएका छन् । र अन्तरिम सरकारले नै नागरिक तथा राजनैतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार एवं नागरिक र राजनैतिक अधिकार सम्बन्धी इच्छाधिन दफा जस्ता संयुक्त राष्ट्र संघद्वारा प्रस्तुत महत्वपूर्ण संविदाहरुमा हस्ताक्षर गऱ्यो, नेपालको स्वीकृति जनायो ।

जनआन्दोलनपछिको अन्तरीम कालमा यदाकदा देखापरेका मानव अधिकार विरोधी काम र अशान्तिबाट रुष्ट भएर बारम्बार आफ्नै पार्टीको सरकारको आलोचना गर्ने नेपाली कांग्रेसका तत्कालीन महामन्त्री गिरिजा प्रसाद कोइरालाको शैली देखेर हामीले ठानेका थियौं- "वहाँ मानव अधिकारप्रति ज्यादै सचेत व्यक्ति हुनुहुँदो रहेछ ।"

जब गिरिजा प्रसाद कोइरालाको नेतृत्वमा नयाँ सरकार बन्यो, हामी आश्वस्त भयौं पनि - "शान्तिसुरक्षा कायम गर्न र मानव अधिकारको धेरै हदसम्म रक्षा गर्न यो सरकार सफल हुनेछ ।"



गोलीको शिकार भएपछि उपचार पाउनबाट समेत बन्चित, मूल ठोका नघाएर घाइतेलाई अस्पताल पुऱ्याइदैः ०४८ चैत्र २४

तर त्यस्तो स्थिति धेरै दिन कायम रहेन । निर्वाचित सरकारको स्थापनासंगै देख्दादेख्दै देशमा शान्ति सुरक्षा र मानव अधिकारको स्थिति नराम्रोबाट अत्यन्त खराब बन्न पुग्यो ।

संविधानमा यातना निर्मुल पार्ने कुरा स्पष्टतः उल्लेख गरिएको भएपनि प्रहरी ज्यादति झन झन बढ्यो । विगतमा बाग्लुङमा भएको प्रहरी ज्यादती त्यसको ज्वलन्त उदाहरण हो । हामीलाई विश्वास छ प्रधानमन्त्रीले मानव अधिकार संरक्षण मञ्चद्वारा तयार पारिएको बाग्लुङ घटनाको प्रतिवेदन राम्ररी पढ्नु भएको छ र हालै अन्तरराष्ट्रिय मानव अधिकार संस्था "एमनेष्टी इन्टरनेशनल" ले नेपालको मानव अधिकारको स्थिति प्रति चिन्ता व्यक्त गर्दै प्रकाशित गरेको अपील पनि वहाँले पढ्नु भएकै होला । बाग्लुङमा प्रहरीले थुनुवाहरुलाई चरम यातना दिएको दुःखद समाचारको मसी सुक्नपनि नपाउँदै चैत्र चौबीसको नेपाल बन्दको सिलसिलामा काठमाण्डौमा प्रहरीले अन्धाधुन्द गोली चलाएर बाह्र जनाको हत्या गऱ्यो । त्यस सम्बन्धमा मानव अधिकार संगठनले पेश गरेको प्रतिवेदनलाई सरकार ले अहिलेसम्म गलत भनी खण्डन पनि गरेको छैन ।

नेपालमा शान्तिपूर्ण र निष्पक्ष चुनावको माध्यमद्वारा जनताले प्रजातन्त्रको जगलाई क्रमशः मजबुत पार्दै छन् भन्ने विश्वासको पुष्टि विगत संसदीय चुनावले गऱ्यो । देशभरीका जनताले एकैदिन मतदान गरेको सो आम चुनावको मतदान अधिकृतको रुपमा अदालतका न्यायाधिशहरुको नियुक्ति गरिएको थियो । निश्चयपनित्यो नियुक्ति निष्पक्ष चुनाव गराउने संस्कृति तर्फ उन्मुख एउटा साहकिलो खुड्किलो थियो । जनता र राजनैतिक दलहरुको सहयोगमा सफलतापूर्वक सम्पन्न भएको सो चुनावको दिन एकजना पनि नमारिनु ज्यादै गर्वको कुरो थियो । जनआन्दोलनको ताप र संक्रमणको त्यो विकट परिस्थितिमा पनि केही ठाउँ, मूलतः सुनसरीलाई छाडेर सो चुनाव शान्तिपूर्ण रुपमा सम्पन्न भएको थियो । उक्त कुराको हामी नेपालीमात्र होइन विभिन्न मुलुकबाट आएका साठी जना भन्दाबढी पर्यवेक्षकहरुले समेत प्रारम्भिक प्रतिवेदनमा सहाहना गरेका थिए ।

आम चुनावबाट जनताको स्वीकृति पाएर सरकारको नेतृत्व गर्न पुगेको सरकारले देशमा मानव अधिकारको रक्षा गर्दै तिनको विकास गर्ने प्रजातन्त्रको जरो जनताको तल्लो स्तरसम्म पुऱ्याउने काममा तल्लिन हुनुपर्ने थियो । सरकार लगायत प्रशासनका प्रत्येक निकायले संविधानको आशय र संयुक्त राष्ट्र संघका संविदा र सन्धी अनुरुपको कृयाकलाप गर्नुपर्ने थियो । तर जुन गतिमा देशमा हत्या र दमन बढेको छ त्यसलाई हेर्दा हामीले ज्यादै दुःख र पीडाका साथ भन्नु परि रहेको छ - निर्वाचित प्रजातान्त्रिक सरकारको कृयाकलाप प्रजातन्त्रको आवरणभित्र भएपनि बेगकासाथ दमनको शैलीतर्फ उन्मुख छ। जनताले यस प्रजातान्त्रिक व्यवस्थामा आफूलाई सुरक्षित र सम्मानित नागरिक हैन असुरक्षित अपमानित रैती सम्झन थालेकाछन् ।

दुःख लाग्दो र सोचनीय कुरो के छ भने विस्तारै जनताले विगतको निरंकुश पंचायती व्यवस्था र बर्तमान बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा फरक देख्न छाडी सके । प्रजातान्त्रिक सरकारका लागि यो ज्यादै ठूलो चुनौती हो । भरखरै स्थानीय चुनावको अभियान पूरा भएको छ । मूलतः प्रधानमन्त्रीज्यूलाई नेपाली कांग्रेसको विजयले निश्चयपनि निकै खुसी र उत्साहित बनाएको होला तर हामी मानव अधिकारको क्षेत्रमा कार्यरत कार्यकर्ताहरुले भने यो चुनावलाई पर्यवेक्षण गर्दा दुःखद अनुभूति गर्न विवश भयौं । यसपल्ट नेपालमा कहिल्यै देखानपरेको स्तरमा चुनावी हिंसा भयो । एक महिनाभित्र अठारजना व्यक्ति मारिनुलाई हामी नेपालीले ठूलो "विपत"को रुपमा लिएका छौं । हामीले पंचायती व्यवस्था फ्याल्नको लागि निरन्तर तीस वर्षसम्म गरेको संघर्षको अवधिमा मारिएका व्यक्तिहरुको संख्यालाई प्रजातान्त्रिक सरकारको एक वर्षभित्र मारिएका व्यक्तिहरुसित अनुपातको हिसाबमा लिने हो र प्रजातान्त्रिक व्यवस्थाभित्रको यो स्थितिलाई मूल्याङकन गर्ने हो भने यसले "प्रजातन्त्र"माथि नै प्रश्न चिन्ह मात्र खडा गरेको छैन, उपहास समेत भएको छ ।

अन्तमा, निर्वाचन प्रजातन्त्रको मेरुदण्ड हो , प्रजातान्त्रिक विकासको ग्यारेण्टी हो । यदि जनताले आफूले दिएको मतको सुरक्षा नभएको वा हुननसक्ने कुरोको यकिन गरेभने उनीहरु प्रजातान्त्रिक प्रणालीबाटै निराश हुनेछन् । त्यो अवस्था अतिनै जटिल हुन जानेछ । "निर्वाचनलाई जसरी भएपनि सत्ता कब्जा गर्ने" दाउपेच सम्झेर दुरुपयोग गरिएमा त्यो कुरो देशका लागि दुर्भाग्यपूर्ण परिणतिको अवश्यम्भावि कारक तत्व बन्न सक्छ । स्थानीय निर्वाचनको क्रममा विराटनगरमा धाँधलीको जुन ताण्डव नृत्य जनताले देखे भोगे त्यो साहै लज्जास्पद कुरो थियो । निर्वाचनलाई छाप जस्तो बनाएर जुन खेलाची यसपल्ट देशभरी गरियो त्यसले ठूलो मूल्य चुकाएर ल्याएको बहुदलीय प्रजातान्त्रिक व्यवस्था प्रति जनताको विश्वाश डगमगाउन थालेको छ ।

नेपालमा दुई पटकको सशक्त संघर्षपछि जनताले प्रजातन्त्र प्राप्त गरेका छन् । यस्तो अवस्थामा मानव अधिकारको निरन्तर सम्मानगर्दै प्रजातन्त्रको जग बलियो पार्न प्रजातान्त्रिक संस्कृतिको विकास गर्नु सबैको दायित्व हो ।

बुद्धको मातृभूमिबाट बौद्ध धर्मावलम्वीहरुको आवाज

रेडियो नेपालमा बुद्ध-बचनमाथि पनि सेन्सरसीप

रेडियो नेपालमा बुद्ध-जयन्तीको सन्दर्भमा साप्ताहिक बुद्ध बन्दनाको कार्यक्रम २५०० औ बुद्ध - जयन्तीदेखि शुरु भएको थियो । त्यसबेला रेडियो नेपालमा प्रतिदिनको धार्मिक कार्यक्रम भन्ने केही थिएन । जब रेडियो नेपालमा प्रतिदिनको धार्मिक कार्यक्रम बन्यो, यसमा बुद्ध र बुद्ध-धर्मको बारेमा प्रतिदिन केही प्रशारित भएन । यस बारेमा जब जब प्रश्न उठ्यो - अघि देखिको बुद्ध जयन्ति तिर को साप्ताहिक बुद्ध-बन्दना अगाडि राखेर धार्मिक भेदभाव नभएको बेतुक उत्तर मात्र दिइयो ।

नेपालको प्रागैतिहासिक कालदेखिको बुद्ध-धर्म र बौद्ध संस्कृतिको देनको कदर गरेर प्रतिदिन बुद्धको भजन र बुद्धबाणी प्रसारण चाहिं गर्दै गरिएन । राजाको समुपस्थितिमा बुद्ध जयन्तिका दिन आनन्दकुटी विहारमा आयोजित बौद्ध सार्वजनिक सभामा बुद्ध-जयन्ति समारोह समतिका सचिववाट प्रतिदिन बुद्धको भजन र बुद्धबाणी रेडियो नेपालवाट प्रसारणार्थ आग्रह गरियो । तापनि केही चर्चा परिचर्चा मात्र उठाई रेडियो नेपालबाट प्रतिदिन बुद्धको भक्ति आराधना वा सम्मान चाहिं हुँदै भएन । प्रतिदिनको ४०/५० मिनेटको धार्मिक कार्यक्रममा बुद्ध-भजन र बुद्ध वाणीलाई केही मिनेट समय रेडियो नेपालबाट दिदै दिइएन । बुद्धलाई दश अवतारमध्ये एक अवतार मान्ने पक्षधर हिन्दुहरुवाट ४० मिनेटको धार्मिक कार्यक्रममा ४ मिनेट बुद्धको भजन प्रसार गरियोस भन्ने चार अक्षरको आवाज आजसम्म उठेको छैन । योभन्दा ठूलो व्यङ्ग्य धार्मिक समानताका निम्ति अरु के हुन सक्दछ ?

बुद्ध जयन्तिको साप्ताहिक बुद्ध-बन्दना कार्यक्रम प्रसारणमा पनि कम कठिनाई भोग्नु नपर्ने होइन भन्ने कुरा कार्यक्रमका संचालकहरुमा ज्ञात छ । नेपाली भाषाका साथै नेपाल भाषामा प्रसारित गर्न पाउने व्यवस्थामा विस्तारै अंकुश लाग्न थाल्यो । केही बर्ष पछि भजन बाहेक अरु कुरा अन्य भाषामा प्रसारित गर्न दिइएन । फेरि पछि नेपाल भाषामा बुद्ध-भजन पनि प्रसारण गर्नमा रोक लगाइयो । रेडियो नेपालको नियन्त्रण नीति यत्तिकैमा पनि इत्यलम भएन । उच्चारण अशुद्धिको कारणबाट थुप्रै व्यक्तिहरुले बुद्ध-धर्मको प्रसारण गर्न पाएनन् । तदन्तर विशेषतः सामाजिक समन्वय समिति बनेपछि बौद्ध वार्तामा त्यस्ता कुनै कुरा प्रसारण गर्न दिइएन, जुन कुरा हिन्दू (त्यो पनि संकीर्ण बुद्धिवादी र विश्वासीको दृष्टिको) धर्मसंग मिल्दैन । अनिश्वरवाद र अनात्मवादका बुद्ध-वचन प्रसारण गर्न असंभव नै हुन गयो । यहाँसम्मकि प्रति सप्ताह ८।१० मिनेटको बुद्ध वचन बुद्ध-धर्म प्रसारणका रुपमा प्रसारित हुने धम्मपदका गाथाहरुमा समेत अकुण्ठित सेन्सर लागु भयो । धम्मपदका ब्राम्हणवर्ग जस्ता कैयौ वर्ग र गाथाहरु कहिल्यै रेडियो नेपालबाट प्रसारित गरिएन ।

भिक्षु सुदर्शन

बुद्ध धर्म प्रति शासकहरुको असहिष्णुता

निर्वाचित सरकारको कार्याबधिमा घटेका मानवाधिकार उल्लंघनका घटनाहरु

शिवहरी दाहाल

कुनै पनि व्यक्तिलाई शारीरिक यातना दिइने छैन निर्दयी, अमानुषिक वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन ।

- धारा ५, मानव अधिकारको विश्वव्यापी घोषणा, डिसेम्बर १०,१९४८

कसैलाई पनि मनमानी ढंगले देशवाट निष्काशित वा गिरफ्तार गरिने छैन वा नजर बन्दमा राखिने छैन।

- धारा ९, उही

प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक जीवनको निर्वाह गर्ने, जीवनको सुरक्षा गर्ने अधिकार छ । कुनै पनि व्यक्तिले स्वेच्छाचारी पक्राउ अथवा थुनाइवाट पीडा भोग्नुपर्ने छैन ।

- धारा ९(१), नागरिक तथा राजनैतिक अधिकारको अन्तरराष्ट्रिय अनुबन्ध

कुनै पनि व्यक्तिलाई क्रूर, निर्दयी, अमानवीय तथा अपमानजनक व्यवहार अथवा सजायको भागी बनाइने छैन ।

- धारा ९(१), नागरिक तथा राजनैतिक अधिकारको अन्तरराष्ट्रिय अनुबन्ध

सरकारी गोलीका शिकारः अनिश शाक्य, ०४८ चैत्र २४ गते

कर्मचारी आन्दोलनका क्रममा मारिएका मनोज जोशी

माथिका सबै उदाहरणहरुप्रति हाम्रो सरकारको पूर्ण प्रतिबद्धता रहेको छ। सरकारलाई निर्देशन गर्ने विद्यमान संविधानको धारा १४(४) मा पनि स्पष्ट लेखिएको छ ।

"अनुसन्धान, तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरुकुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसंग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिम क्षत्तिपूर्ति दिइने छ ।"

तर व्यवहारमा के जननिर्वाचित सरकारले पनि उपरोक्त प्रतिबद्धताहरुलाई इमान्दारीपूर्वक आत्मसात गरेको छ ? यो प्रश्नको जवाफ पाउन धेरै खोज तलास गर्नै पर्दैन । निर्वाचित सरकार स्थापित भए यताका दिनहरुलाई नियाले मात्र पुग्दछ ।

०४८ असार २३ देखि भदौ ८ गतेसम्म चलेको कर्मचारी आन्दोलनको दौरानमा कर्मचारी संगठनका अनुसार करिव एक हजार कर्मचारीहरु थुनिए । तीमध्ये कैयनलाई अमानवीय यातना पनि दिइएको थियो । कर्मचारीहरुको दोष यतिमात्र थियोकि संघसंस्था खोल्न र संचालन गर्न पाउने अधिकारको उपभोग गर्दै उनीहरुले विभिन्न माग राखी शान्तिपूर्ण आन्दोलन शुरु गरेका थिए ।

यस सरकारको कार्यकालमा स्वेच्छाचारी गिरफ्तारी पनि प्रसस्त भएको छ। गएको असोजमा जनकपुरमा दश जना व्यक्ति विना कसुर नै पक्राउ परेको कुराको पोल त्यतिबेला खुल्यो जव तिनीहरुमाथि झुठा लान्छना लगाइएको कुरा सर्वत्र जाहेर भयो ।

विरोधी विचार वोक्नेहरुलाई हतोत्साहित तुल्याउन सरकारले धेरै हथकण्डा अपनाएको छ । ताप्लेजुङमा चार जना व्यक्तिलाई ज्यान मार्ने उद्योगको झुठा आरोप लगाई पक्राउ गरिएको कुरा पनि धेरै दिन छोपिन सकेन ।

नागरिकको बाँच्न पाउने अधिकार को सरकारले खुल्ला उल्लंघन गरेको कुरा देशव्यापी रुपमा त्यसवेला महशुस गरियो जव अर्घाखाँचीका वसीर मियाँको प्रहरीको गोली द्वारा हत्या भए पश्चात संसदमा गृहमन्त्रीले यस्तो आशयको जवाफ दिनु भयो-"हाम्रा प्रहरीहरु अर्जुन झैं माछाको आँखामा तीर हान्न सक्ने कहाँका छन् ? कम्मरभन्दा मुनि हानेको गोलीमाथि लाग्यो होला ।" मियालाई अवैध रक्सी छापा मार्ने निहुँमा सव-इन्सपेक्टर तेज बहादुर घिमिरेको नेतृत्वमा गएको जत्थाले ०४८ असार २३ गते सामान्य वातावरणमा गोली ठोकी मारेको थियो । पछि निज सव-इन्सपेक्टरलाई सरकारद्वारा पुरस्कृत समेत गरियो ।

साउन १३ गते भएको अर्घाखाँचीकै एमाले समर्थक वल बहादुर वंकाव लको हत्याको रहस्यलाई पनि प्रशासनले कहिल्यै सुल्झाउन चाहेन ।

०४८ श्रावण १५ गते खोटाङमा मनोज जोशीलाई पनि सामान्य वातावरण र गोली चलाउनु पर्ने अवस्था नै नआएको वेला प्रहरीले गोली ठोकेर मारे। कर्मचारी आन्दोलनका दौरानमा सरकारले मानवाधिकारको ठाडो उल्लंघन गरेको कुरा प्रति त्यतिवेलै एम्नेष्टि इन्टरनेशनलले पनि सवैको ध्यानाकर्षण गराएको थियो ।

कर्मचारी आन्दोलनकै दौरानमा साउन २८ गते काठमाण्डौको शिक्षण अस्पतालवाट चारजना सांसदहरुलाई अनाधिकृत ढंगले गिरफ्तार गरी संसदको विशेषाधिकारको समेत हनन गरियो ।

०४८ असोज ७ गतेको दिन काठमाण्डौमा बुद्धलामा नाम गरेको व्यक्तिलाई उनको एक साथीले कुनै व्यापारीसंग साधारण झगडा गरेको आरोपमा प्रहरीले पक्राउ गऱ्यो ।प्रहरीले ठानामा निकै कुटेको कुरा बुद्धलामाले रिहाभएपछि वताए । उनको जीउ दुख्ने र सुन्निने गर्न थाल्यो । केही दिनपछि उनी अस्पतालमा भर्ना भए । तर त्यही उनको मृत्यु भयो ।

०४८ असोज १० गतेका दिन झापा जिल्लाको प्रहरी ठानामा एक महिलाको हिरासतमा मृत्यु भयो । प्रहरीले उक्त महिलाद्वारा आत्म हत्या गरिएको ठहर गऱ्यो । तर स्थानीय जनताहरु प्रहरीको भनाईसंग सहमंत भएनन् । उनीहरुका अनुसार ती महिलाको मृत्यु प्रहरीको ज्यादती र अमानवीय व्यवहारको कारण भएको हुनुपर्छ । प्रहरीले महिलाको लाशको पोष्टमोर्टम गराउन दिएन ।



मानव अधिकार शिक्षाको अभावमा प्रहरीको व्यवहार अमानवीय हुन पुग्दछ ।

०४८ पुस २ गते कैलालीमा नर बहादुर बुढाथोकी नामक व्यक्तिले प्रहरीको कुटपीट र यातना सहन नसकी हिड्दा हिड्दै भीरवाट फालहाली आत्महत्या गरे । प्रहरी ती व्यक्तिलाई कतै लैजादै थिए ।

०४८ पुष ७ गते नेपालगंजका तीन जना मजदुरहरुलाई विनाकारण पक्राउ गरियो । "मालिकको दूर्व्यवहारको विरोध गर्ने ती मजदूर हरु केही समयपछि रिहा भए । त्यस्तै ०४८ मंसिर १४ गते मोरङमा ९ जना जेठ १८ गते जनकपुरमा एकजना, १५ मंसीरमा विराटनगर मा एकजना, माघ ११ गते रुपन्देहीमा एकजना, मजदुर विना कारण गिरफ्तार भएपछि उनीहरुलाई रिहा गरियो । तुलनात्मक रुपले गिरफ्तारीको यो घटना सानै थियो होला तर त्यसले सरकारको मानवाधिकारप्रतिको प्रतिवद्धतामा उठाएको प्रश्न भने सानो छैन ।

०४८ माघे सक्रान्तिका दिन वाग्लुङका प्रहरी इन्सपेक्टर ज्ञानेश्वर वैद्यको कुनै व्यक्तिले छुरा रोपी हत्या गरे पश्चात स्थानीय प्रशासनले निर्दोष युवकहरु पक्रेर कठोर तम यातनाहरु दियो । तिनीहरुलाई गैरकानूनी ढंगले हिरासतमा राखिएको कुरा मासमले जनाएको थियो । माघ ९ गते वाजुरामा दुई जना मजदूर सहित पच्चीस जना विद्यार्थीहरु पक्राउ परे । मजदुरहरुले पाउनु पर्ने ज्याला ठेकेदार वाट नपाएपछि उनीहरुले त्यसको विरोध गरेका थिए र त्यसकुरोलाई विद्यार्थीहरुले साथ दिएका थिए । त्यति सानो कुरामा पक्राउ परेका सवैजसोलाई अमानुषिक यातना दिइएको थियो भन्ने कुरा पत्र पत्रिकामा प्रसस्त आए ।

०४८ फागुन ७ प्रजातन्त्र दिवसका दिन काठमाण्डौमा पाँचजना युवकहरुलाई विनाकारण पक्राउ गरी निर्मम यातनासहित निकैदिन थुनियो । प्रहरीले उनीहरुलाई राजा र प्रधानमन्त्री विरुद्ध नारा लगाएको आरोप लगाएको थियो । पछि इन्सेक प्रतिनिधिले भेट्दा उनीहरुले त्यस आरोपको खण्डन गरेका थिए । धेरैपछि उनीहरु धरौटीमा छुटे ।

त्यस्तै ०४८ को अन्त्यमा आएर चैत्र २४ गतेको प्रहरीको गोलीवाट करिव सात जनाको ज्यान गयो । सोही घटनामा सयौजना मानिसहरु पक्राउ परेका थिए । रिहा हुने अधिकांश विद्यार्थीहरुका अनुसार, उनीहरुलाई हिरासतमा क्रूर यातना दिइएको थियो ।

माथिका तथ्यहरुवाट प्रष्टहुन्छ, नेपालमा निर्वाचित सरकार स्थापित भए यतापनि मानव अधिकारको व्यापक रुपमा उल्लंघन भएको छ । सरकारले आफ्नो प्रतिबद्धता विर्सेको छ । सरकारले मानव अधिकारको प्रश्नलाई जिम्मेवारीपूर्ण रुपले लिइराखेको छैन । प्रहरीद्वारा भएका हत्याबाट मानव अधिकारको हनन भएको घटनालाई सरकार सहज ढंगले लिई राखेको छ । मानौकि

त्यो कुनै समस्या नै होइन । सरकार कुनै सत्य घटनालाई जन समक्ष ल्याउनुको बदला तथ्यलाई लुकाईरहेको छ, अप्रत्यक्ष रुपमा अभियुक्त प्रहरीहरुलाई संरक्षण दिइरहेको छ । जसले गर्दा प्रहरीलाई त्यस्तो कार्य दोहोऱ्याउन हौसला प्राप्त गरिरहेको छ ।

आम निर्वाचनपछि स्थापित सरकार पुरानै राज्य-यन्त्रवाट संचालित भैरहेको छ । प्रशासनिक यन्त्रहरु तिनै छन् । तिनले जसरी तानाशाही पञ्चायती व्यवस्थालाई चलाई रहेका थिए त्यसरीनै यो सरकारलाई पनि चलाई रहेका छन् । व्यवस्था परिवर्तन भएपनि राज्य यन्त्र र प्रशासनिक क्षेत्रमा केही परिवर्तन वा सुधार भएको छैन । परिणामस्वरुप निर्वाचित सरकारको नाममा मानव अधिकारको उल्लंघन वा हनन भैरहेको छ ।

पंचायती कालमा प्रहरीलाई नराम्रो ढंगले शिक्षित गरिएको थियो । उनीहरुको एउटै ध्येय हुन्थ्यो कसरी राजनेताहरुलाई पक्रने र यातना दिने, कसरी आमसभा हुन नदिने र केही व्यक्ति जम्मा भएको ठाउँमा गोली हानी हाल्ने इत्यादि । आजपनि प्रहरी त्यही मनस्थितिवाट पीडित छन् । आजको निर्वाचित सरकारको समयमा पनि त्यही पंचायती मनस्थितिवाट काम भैरहेको छ । जसले गर्दा मानव अधिकारको स्थिति झन झन विग्रदै गएको छ । यस्तो स्थितिवाट पार पाउन प्रहरी फोर्सलाई मानव अधिकारवारे शिक्षा दिन अत्यावश्यक छ । तर अफशोचको कुरा - निर्वाचित सरकारले यस विषयमा ध्यान दिइरहेको छैन ।

जवसम्म जनता आपनो अधिकारवारे सचेत हुँदैनन् तवसम्म उनीहरु आफ्नो अधिकारको संरक्षण गर्न पनि सक्दैनन् ।

तीसभन्दा कम प्रतिशत शाक्षार भएको यस देशमा मानव अधिकार भनेको के हो भन्ने कुराको समेत धेरैलाई ज्ञान छैन । जनतामा संवैधानिक अधिकार वारे पनि अपेक्षित चेतना छैन । उनीहरु ठूला-ठालु र प्रहरीको अमानवीय व्यवहार र अत्याचार सही नै रहेका छन् । यसरी विविध कारणले गर्दा सरकार मानवाधिकार उल्लंघनको मार्गमा नै अघि बढिरहेको छ ।

बाल कविता

पढ्नै पर्छ

बावु : पढ्नु पऱ्यो, पढ्नु पऱ्यो
तिमीले किन पढ्नु पऱ्यो
भाई सधैं स्कुल जान्छ
पढी लेखी ठूलो हुन्छ
छोरी तिमी त घरको शोभा
तिमीले त राख्नुपर्छ घर सम्हाली

छोरी : वुवा तपाईले सोधी हाल्नु भो
धेरै प्रश्नहरु राखी हाल्नु भो
मेरो बुद्धिको ढोका खोली हाल्नु भो
ममाथि अन्तिमचोटी दया गरिहाल्नु भो
मैले अव पढ्नु छ
ममाथि दया गर्नेलाई चिन्नु छ
मैले अझै पढ्नु छ
किनभने तपाईलाई पनि चिन्नु छ
दया के हो माया के हो
अधिकार के हो कर्तव्य के हो
घर के हो समाज के हो
यी सवै मैले बुझ्नु छ त्यसैले मैले पढ्नु छ
बजार के हो व्यापार के हो
मानिस के हो बस्तु के हो
विलास के हो जीवन के हो
सवै कुरा मैले बुझ्नु छ
त्यसैले मैले पढ्नु छ

न्याय के हो कानून के हो
परिवार के हो नाता के हो
वरावरी के हो विभेद के हो
सवै थोक मैले बुझ्नु छ
त्यसैले मैले पढ्नु छ

वुवा ! नारी के हो शोभा के हो
मैले यो त बुझ्नै पर्छ
त्यसैले मैले पढ्नै पर्छ ।

- सुशील प्याकुरेल

यातना हिंसात्मक प्रवृतिको उपज हो

सुशील–प्रकाश

जनताले पाए जनताले प्रहरीले पाए प्रहरीले यातना दिने कार्य हुँदै गयो भने समाज शान्तिमय हैन हिंसात्मक हुन जान्छ ।

साम दान दण्ड भेद"को नीति अपनाएर आफ्नो राजनीतिलाई या भनौ आफ्नो उद्देश्यलाई सफल पार्नुपर्दछ भन्ने "राजनीतिक मान्यता" (?) पनि रहेको देखिन्छ । तर शान्तिपूर्ण समाजलाई आदर्श मान्ने मानव अधिकारवादीहरुका निम्ति दण्डको रुपमा परिभाषित गरिने यातना क्रुर र अमानवीय कार्य नै ठहरिन्छ । हामीकहाँ "यातना" ले गर्दा हाम्रो समाजको बनौटमा के कस्तो फरक पर्दछ भन्ने तर्फ त्यति गहकिलो अध्ययन भएको पाइदैन, तथापी संयुक्त राष्ट्र संघ, एम्नेष्टी इन्टरनेशनल, एस.ओ.एस. टर्चर आदि अन्तरराष्ट्रिय संस्थाले विश्वव्यापी रुपमा "यातना" को भत्सर्ना र विरोध गर्दै आएका छन् । अझ राज्य यन्त्रद्वारा यातनाको महतले जबर जस्ती बयानमा हस्ताक्षर गराउने कार्यको निन्दा गर्दै आएका छन् । त्यसैले बुद्धिजीवि, मानव अधिकार कार्यकर्ता, राजनीतिक व्यक्तिहरु र प्रशासकहरु बीच यसबारे छलफल चल्दै आएको छ ।

प्रथम त यातनाको विरोध भन्नाले प्रहरी वा कुनै पनि इकाइले चोर, डाँका, राजनैतिक कार्यकर्ता कसैलाई पनि अमानवीय व्यवहारद्वारा यातना दिने र जबरजस्ती कुनै एक लिखत स्वीकार्न लगाउने कार्यको विरोध गर्नु हो । न्यायको सिद्धान्त दशौं अपराधी मानिसहरु कथंकदाचित निरपराधी हुन भनेर साबित भएपनि, एउटै निरपराध व्यक्तिले अपराधीको रुपमा सजाय भोग्नु नपरोस भन्ने रहेको छ । उपर्युक्त सिद्धान्तलाई अंगिकार गर्दै कसैलाई पनि पिटेर, थुनेर थरिथरिका यातना दिएर, बयान नलिइयोस र कसैको पनि पीडा सहनु भन्दा जे भन्छन् त्यसैमा सही गरिदिनु जाति भन्ने मनस्थिति नबनोस भनेर नै यातनाको विरोध गरिएको हो ।

नेपालमा खासगरी प्रमाण बटुलेर कसैले गरेको अपराधलाई साबित गराउनु भन्दा प्रहरीहरुको पिटपाटबाट बयान लिने र अपराधी साबित गराउने चलन चलाईदै आएका छन् । चोर, डाँका लगायत राजबन्दीहरुलाई पनि यातना दिने क्रम सामान्य नै मानिदै आएको छ । जबकी बौद्धिक समुदायबाट यसको विरोध पनि हुँदै आएको छ । जेलमा रहेका अधिकांश बन्दीहरु प्रहरीको पिटाई, कुटाई, यातना सहन नसकेर प्रहरीले जे इच्छा गऱ्यो त्यसैलाई स्वीकारी अपराधी बनेर बसेका छन् । जसले गर्दा प्रहरीलाई हाम्रो समाजमा क्रूर र अमानवीय पेशाका रुपमा चिनिन्छ । पंचायती व्यवस्था पश्चात पनि हाम्रो देशमा "ओठे भाषण" बाहेक प्रहरीको कार्यमा कुनै पनि परिवर्तन नआएको कुरा बागलुङ, बझाङ आदि घटनाले साबित गरीसकेका छन् । तर यसको निम्ति जिम्मेवार को ? प्रजातान्त्रिक समाजको श्रृजना गर्ने मूल दायित्व कसको ? भन्ने प्रश्न जब हामी अगाडि उभिन्छ, निश्चित रुपमा प्रजातान्त्रिक समाजको श्रृजनाका निम्ति राजनैतिक दलहरुको भूमिका नै प्रमुख हुन्छ भन्नु पर्दछ । त्यसैले नै राजनैतिक दलहरुको आव्हानमा जनताले आन्दोलन र क्रान्ति गर्दछन् । नेपालमा राजनैतिक व्यवस्थाको परिवर्तन पश्चात पनि सरकारले प्रहरीको पंचायतकालीन क्रूर र अमानवीय छवीलाई मेटेर उनीहरुलाई जनताको सेवक र मानवीय संवेदनायुक्त मानिसका रुपमा पेश गराउन सकेन । पंचायती व्यवस्थामा प्रशिक्षित प्रहरीलाई प्रजातान्त्रिक आचरणको शिक्षा दिन सकेन । यहाँ सम्मकि पंचायती व्यवस्थामा रहेको, प्रहरीलाई अपराध अनुसन्धान गर्न जाँदा दैनिक यातायात आदि भत्ता नदिने चलन प्रजातान्त्रिक व्यवस्थामा अद्यावधि रही नै रहेको छ । फलतः प्रहरीले पनि सबै कुरा बुझ बुझारथ गरेर निचोड-निष्कर्ष निकाल्ने गाह्रो काम भन्दा डर, धाक र त्रास देखाएर अपराधी साबित गराउने कार्य नै गर्दै आएको छ । पंचायती कालमा एक प्रहरी कार्यालयबाट अर्को प्रहरी कार्यालयमा अड्डा चलान गराउँदा राजमार्गमापर्ने भए बस ड्राइभर लाई अनुरोध गरी टिकटको भाडा समेत नदिई बसबाट चलान गर्ने गर्दा निश्चय पनि प्रहरीले

बसवाला प्रति अनुगृहित हुनुपर्ने स्थिति थियो । बसवालाले प्रहरीलाई "ठग" को रुपमा लिने पुरानो स्थिति पनि अहिलेसम्म कायम नै छ। त्यसैले प्रहरी प्रशासनमा सरकारले सुधार ल्याउन नसक्नु र प्रहरीलाई प्रजातन्त्र र मानव अधिकार बारे गैर सरकारी संस्थाले शिक्षा दिन चाहन्छौं भन्दा समेत स्वीकृति नदिनुले वर्तमान प्रजातान्त्रिक सरकार पनि पहिलेको सरकार जस्तै कार्य गर्न चाहन्छ भन्ने कुरा प्रष्ट हुन्छ ।

अब अर्कोतिर जनताको मानसिकता हेरौं, उनिहरु पनि पटक पटक मुखले यातनाको बिरोध गरेतापनि व्यवहारमा ठीक त्यसको विपरित गर्दै जान्छन । उनिहरुले के विर्सने गर्छन भने - यातनाले जहिले पनि हिंसात्मक वातावरणको श्रृजना गर्दछ । कुनै चोरलाई प्रहरीले पक्राउ गरेको छ भने जनता सकेसम्म बाटोमा नै त्यो चोरलाई पिटेर नाक फुटाउने, चड्कन दिने कार्य गर्दछन्। यस्तो काम जनताबाट हुने ज्यादती हो र मानव अधिकार विरोधी कार्य हो । कहिले कहिले त प्रहरीले पक्राउ गरेको व्यक्तिलाई भीडले खोसेर मर्णान्त पारेको पनि उदाहरण प्रसस्तै भेटिने गर्दछ । अनि प्रहरीले चोर डाकालाई पिटेन भने जनता भन्ने गर्दछन् - यो प्रहरी कस्तो ल्वाँदि रहेछ चोर डाकालाई पनि ज्वाई पालेको जस्तो गरी पाल्दछ। उनीहरु के विर्सन्छन भने त्यो ठाउँमा चोर भनिएको व्यक्ति भवितव्यले पनि परेको हुन सक्छ। र ऊ चोर नै भएपनि उसको टाउको फुटाउने अधिकार जनतासंग छैन । चोरलाई दण्ड दिने अधिकार न्यायालयसित छ । अपराधीलाई त्यसरी यत्रतत्र पिट्दा न्यायालयलाई इन्कार गरेको ठहरिन्छ । यसरी जनताले पाए जनताले प्रहरीले पाए प्रहरीले यातना दिने कार्य हुँदै गयो भने समाज शान्तिमय हैन हिंसात्मक हुन जान्छ ।

हामीसंग उदाहरण छ पंचायतीकालमा प्रहरीले गरेको ज्यादतीको विरोधमा, मौका पाउनासाथ जनताले २०४७ साल वैशाखमा कालिमाटीमा केही प्रहरीलाई पिटेर मारे । यसरी प्रहरीलाई भीडले मार्नु निश्चित रुपमा ठीक मान्न सकिदैन तर त्यस पछाडिको पृष्ठभूमिको विश्लेषण गर्ने हो भने त्यस घटनालाई विगतको समयमा प्रहरीले सरकारको आदेश मानेर जनतामाथि गरेका दूर्व्यवहारको परिणामका रुपमा लिनु पर्दछ। त्यसैले अनौपचारिक क्षेत्र सेवा केन्द्रले "यातना हिंसात्मक प्रवृत्तिको उपज हो " भन्दै देशका पच्चीस जिल्लाहरुमा जनतालाई उनीहरुको कर्तव्य र अधिकार प्रति सचेत गराउने र त्यसैको आधारमा सरकारलाई आफ्ना दमनकारी नीति र प्रवृत्ति त्यागी प्रजातान्त्रिक संस्कार तर्फ उन्मुख गराउनका निम्ति प्रयत्न गरिरहेछ । एम्नेष्टि इन्टरनेशनलले अन्तरराष्ट्रिय स्तरवाट श्री ५ को सरकारलाई दवाव दिइरहेको छ। "यातना" बिद्यमान र हनुको पछाडि नेपालका प्रहरीको भन्दा श्री ५ को सरकारको दोष नै प्रमुख छ ।

लघुकथा

पहाडी - महिला

धारचुला स्वास्थ्य केन्द्रमा एक दिन केही मानिसहरुले एउटी आइमाईलाई डोलीमा बोकेरल्याए । सोधेपछि थाहा भयो-घाँस काट्दै गर्दा ऊ लडेकी रहिछ । उनको कम्मरमा ज्यादै पीडा भइरहेको थियो । परीक्षणपश्चात मलाई लाग्यो -उनको ढाडको हड्डी भाँचिएको वा सरेको थियो । मैले उनीहरुलाई सम्झाएँ - "तपाईहरु यिनलाई जिल्ला अस्पताल पिथौरागढ लैजानोस्, त्यहाँ एक्सरे गर्नुपर्छ ।" तर उनीहरुले पटक पटक भनिरहे - "साहेव,उपचार तपाईले नै गरी दिनोस ।" मैले उनलाई भर्ना गरि दिएँ ।

एक साता पश्चात उनको लोग्नेले मलाई आएर भन्यो- "हामी यिनलाई लैजान चाहन्छौं।" मैले सोचें नजिकैको जिल्ला अस्पताल लैजाने कुरा गर्दैछन् , मैले भनें- "ठीक छ म जिल्लाका लागि चिठ्ठी लेखिदिन्छु। तर उसले मलाई रोकेर भन्यो- "हैन साहेव तपाई औषधि लेखिदिनोस् हामी घर जान्छौं ।"

मैले सम्झाएँ- " यस्तोमा औषधीले फाइदा गर्दैन, पिथौरागढ लग, त्यहीं केही हुन सक्छ ।" मैले उसलाई आफ्नो साथीहरुसंग फेरि सोधेर आउन भनें ।

केही छिनपछि ऊ फेरि आएर भन्न थाल्यो- "साहेव उनी भन्छिन, तपाइकै औषधिबाट फाइदा भइरहेछ । तपाई औषधी लेखिदिनोस्, हामी केही दिनपछि तपाईलाई फेरि देखाउनेछौं ।"

आखिर मैले औषधी लेखिदिएँ। जब उनीहरु गए मैले आफ्नो कम्पाउण्डर सिरोलासंग भनें- "त्यसो त पहाडमा आइमाइहरुको कदर कम हुन्छ । तर यी विचराहरु यसको खुब सेवा गरी रहेका छन् ।

आखिर ऊ बोल्यो- "कहाँ साहेव, तपाईलाई थाहा छैन यिनिहरु आपस्तमा के भनिरहेका थिए ।"

उसको कुरा सुनेर म स्तब्ध भएँ। उसले बतायो - "उनीहरु भनिरहेका थिए-आइमाई त हो । अव खुट्टा त काम लाग्दैनन् । पैसा खर्च गरेर मात्र के थाहा कति ठीक हुन्छ। वेकारमा त्यसमाथि किन पैसा वर्वाद गर्नु । घर लैजान्छौ, केही दिनमा आफैं मरीहाल्छे ।" -नरेन्द्र प्रताप सिंह, सारिका मासिकडिसेम्बर ८८ बाट

नागरिक आयोगको दायित्व पूरा

गत वैशाख १८ गते सत्ताधारी पार्टी नेपाली कांग्रेस र प्रमुख प्रतिपक्षी ने.क.पा. (एमाले) बीच सम्पन्न सहमतिको तेस्रो बुँदामा भनिएको थियो- "विगत चैत्र २३ र २४ गते राजधानी र देशका कतिपय भागहरुमा नेपाल बन्द कार्यक्रमका सिलसिलामा घटित घटनाहरुको सन्दर्भमा भएका तोडफोड, आगजनी, सार्वजनिक सम्पत्तिको हानी नोक्सानी र गोलीकाण्डमा भएका ज्यादतीहरुको छानवीन गरि दोषी उपर कारवाही गर्न सरकारले तत्कालै एक जाँच आयोग गठन गरी कारवाही गराउने ।"

तर उपरोक्त सहमति उपर सरकारले कुनै वास्ता गरेन । वैशाख ८,१० र १२ गते काठमाण्डौमा सम्पन्न मानवाधिकारप्रति सरोकार राख्ने व्यक्तिहरुको बैठकले वरिष्ठ अधिवक्ता सर्वज्ञरत्न तुलाधरको अध्यक्षतामा "०४८ चैत्र २४ को घटनाबारे छानबिन गर्न नागरिक आयोग"को गठन गऱ्यो । हालै उक्त आयोगले आफ्नो प्रतिवेदन प्रकाशित गर्दै सरकारले छानविनका दौरानमा कुनै सहयोग नगरेको आरोप लगाएको छ ।

आयोगले चैत्र २४ गते मारिएका मध्ये एकको नाम ठेगाना पत्ता लगाउन सकेको छैन । उक्त अज्ञात व्यक्तिका साथै सो दिन अनिश शाक्य (७) महाबौद्ध, आशिष बज्राचार्य (२४) असन, राधेश्याम शर्मा (४८) महाबौद्ध, कृष्ण कुमार श्रेष्ठ (१६) धुलिखेल, लोक नारायण श्रेष्ठ (२१) धादिङ, र राजीव रघुबंशी (१८) ललितपुरको हत्या गरि एको आयोगले ठहर गरेको छ ।

पैतीस पृष्ठको घटनासम्बन्धी प्रतिवेदन र बीस परिशिष्ट सहितको उक्त प्रतिवेदनले चौथो अध्यायमा प्रस्तुत गरेको निष्कर्ष यस प्रकार छ:

१. चैत्र २४, २०४८ को "नेपाल बन्द" को सिलसिलामा सार्वजनिक महत्वका घटनाहरु बारे जानकारी लिन आयोगले अथक प्रयास गर्दा गर्दै पनि श्री ५ को सरकारको तर्फवाट असहयोग भएकाले काठमाण्डौ, ललितपुरका जिल्ला प्रशासन तथा प्रहरी कार्यालयहरु, वीरेन्द्र प्रहरी अस्पताल लगायतका महत्वपूर्ण क्षेत्रवाट तथ्य संकलन गर्ने अनुमति दिइएन । यसवाट नेपालको संविधान २०४७ को भाग ३ धारा १६ को सूचनाको हक अन्तर्गत "प्रत्येक नागरि कलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ" भन्ने संबैधानिक हकवाट सरकारले बन्चित गराएको आयोगले महसुस गरेको छ ।

२. उपर्युक्त बमोजिमको सहयोगको अभावमा मृतकहरुको संख्या र पक्राउपरेका व्यक्तिहरु उपर भएको व्यवहार बारे अपेक्षित अन्वेषण एवम् तथ्य संकलनमा प्रतिकूल प्रभाव परेको आयोगले महसुस गरेको छ ।

आन्दोलनसंग पूर्ण रुपले असम्बन्धित ववरमहलका एक नागरिकको घरको हाताभित्र पसी चार फीटको दुरीवाट एक महिला र दुइ वच्चालाई गोली हानी सख्त घाइते पारि नुलाई आयोग प्रहरी वर्वर ताको नमूना ठान्दछ ।

३. आयोगले चैत्र २४, २०४८ को घटनाबाट मृत्यु भएका व्यक्तिका परिवार वा आफन्तसंग भेटेको तथा उपलब्ध विवरणका आधारमा सनाखत हुन नसकेका एक व्यक्ति सहित सात जनाको मृत्यु भएको पाएको छ ।

४. "नेपाल बन्द" घटनाको सिलसिलामा गोली वा अन्य कारणवाट ९७ जना घाइते भएको आयोगले पाएको छ ।

५. चैत्र २४, २०४८ को "नेपाल बन्द"को कार्यक्रम आयोजकहरुले मुलुकको वर्तमान संविधान तथा ऐन नियमद्वारा नागरिकहरुलाई प्रदत्त अधिकार क्षेत्र भित्रै रहेर आव्हान गरेको भएतापनि उक्त दिन कतिपय ठाउँमा आयोजकले स्थिति पूर्णरुपले नियन्त्रणमा राख्न नसकेको देखियो ।

६. सरकारको अकर्मण्यता तथा आयोजकहरुले समेत स्थिति आफ्नो पूर्ण नियन्त्रणमा लिन नसकेको अवस्थावाट अनुचित फाइदा उठाउने हिसावले अवान्छित कार्यहरु हुन पुगेको देखियो ।

७. सरकारले तोडफोड आगजनी जस्ता अप्रिय घटना घटेका स्थानहरुमा घटनास्थलमै संलग्न व्यक्तिहरुलाई रोक्ने, पक्राउ गर्ने वा अन्य निषेधात्मक कार्वाही गर्ने जस्ता दायित्व पूरा गर्न नसकेको देखियो ।

८. चैत्र २३ गते वेलुकी नर्यौं सडकमा भएको गोलीकाण्ड लगायत चैत्र २४ गते असन, महाबौद्ध, बसन्तपुर, ओम बहाल, नर्यौं सडक, ववरमहल, पाटनको पुल्चोक, मंगल बजार र न:टोलमा गोली चल्दाको अवस्थामा र परिणति फरक फरक भएतापनि ती ठाउँहरुमा प्रहरीले स्थिति नियन्त्रणमा लिन गोली नै चलाउनु पर्ने अवस्था देखिएन । आन्दोलनसंग पूर्ण रुपले असम्बन्धित ववरमहलका एक नागरिकको घरको हाताभित्र पसि ४ फिटको दुरीवाट १ महिला र दुइ वच्चालाई गोली हानी सख्त घाइते पारिनुलाई आयोग प्रहरी वर्वरताको नमुना ठान्दछ ।

९. बैक लुट्ने, विभिन्न संस्थाहरुका भवनहरुमा आगजनी गरी "काठमाण्डौ ध्वस्त पार्ने" अवस्थावाट वचाउन गोली चलाइएको हो भन्ने सरकारी भनाईबारे आयोगले घटनास्थल तथा सम्बन्धित विभिन्न संस्थाहरुमा पुगी स्थलगत अध्ययन तथा तथ्यगत आधारमा हेर्दा केही संस्थाको आसपासमा सामान्य आगजनीको प्रयास भएको भएतापनि "काठमाण्डौ ध्वस्त हुने स्थिति" उत्पन्न भएको देखिएन ।

१०. पोखरा, धनगढी (बलिया) तथा बुटवलमापनि प्रहरीले स्थिति नियन्त्रणमा लिन गोली नै चलाउनु पर्ने बाध्यता नभएको आयोग ठान्दछ ।

११. वालक, बृद्ध, महिला तथा पर्यटक र घरभित्र बसेका, सडकमा काम विशेषले (चुरोट, औषधी किन्न) हिडेका व्यक्तिहरु समेत गोलीवाट आहत भएको देखिएवाट प्रहरीद्वारा गोली अनियन्त्रित भीडमा मात्र चलाइएको थियो भन्ने भनाइलाई अनुमोदन गर्न सकिएन । साथै उपर्युक्त गोली चलेका सबै ठाउँमा स्थानीय प्रशासन ऐन २०४८ को दफा ६ को उपदफा

१ (क) को उल्लंघन भएको देखियो ।

१२. गोलीलागि जमीनमा ढलेका व्यक्तिमाथि प्रहरीद्वारा लाठी प्रयोग गरिनु, बोरामा पोको पारी मोटरमा फालिनु, पक्राउमा परिसकेपछि शारीरिक यातना दिइनु, शरीरमा एसिड खन्याइनु जस्ता कार्यहरुले घटनामा गोली वा अन्य कारणवाट मृत्यु वा घाइते भएका व्यक्तिले सरकारी पक्षवाट कानूनी राज्यमा पाउनुपर्ने मानवीय मूल्यको न्यूनतम व्यवहार पनि पाएको देखिएन ।

१३. गैरकानूनी किसिमले जथाभावी गोली चलाउने तथा घाइते र पक्राउ परेका व्यक्तिहरुलाई अमानवीय व्यवहार गर्ने सम्बन्धित कर्मचारीमाथि कानून अनुसार कारवाही हुनुपर्नेमा भएको देखिएन ।

१४. चैत्र २४, २०४८ को "नेपाल बन्द"का घटनाहरुवाट पीडितहरुको उद्धारकालागि एम्बुलेन्स सेवा सन्चालन गरिँदा नागरिक र प्रहरी दुवै तर्फवाट अवरोध खडा गरिनुलाई आयोग अनुचित ठान्दछ । निषेधाज्ञा जारी गरिएको वेला एम्बुलेन्सका लागि समयमै "निषेधाज्ञा अनुमति पत्र" (कर्फ्यु पास)को व्यवस्था गर्न नसकेवाट स्थानीय प्रशासनले स्वकीय कर्तव्य प्रतिको सजगता निर्वाह गर्न नसकेको देखिन्छ ।

मल्लिक प्रतिवेदनः

सरकारी प्रतिबद्धताको परीक्षा

मल्लिक आयोगले आफ्नो प्रतिवेदन तयार गरी अन्तरिम सरकारलाई बुझाएको थियो र श्री ५ को सरकार ले मल्लिक आयोगको प्रतिवेदन र त्यस सम्बन्धमा महान्यायाधिबक्ताको कानूनी राय समेत प्रतिनिधि सभामा गत बर्ष नै पेश गरी सकिएको छ । मल्लिक आयोगको प्रतिवेदनमा नाम परेका व्यक्तिहरुलाई सवुद प्रमाणको अभावमा कारवाही गर्न नमिल्ने महान्यायाधिवक्ताको राय रहेको कुरा पनि सदन समक्ष जाहेर भइसकेको छ ।"

गत भदौ २ गते प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले प्रतिनिधि सभामा उपरोक्त कुरा व्यक्त गर्नु भएपछि जनआन्दोलन दवाउन तत्कालीन सत्ताको दुरुपयोग गर्नेहरु उपर कारवाही गर्नु पर्ने कुरा फेरी सवैतिरवाट जोडतोडले उठ्न थालेको छ ।

गत भदौ १० गतेको दृष्टि साप्ताहिकमा मल्लिक आयोगका अध्यक्ष जनार्दन मल्लिकले भन्नु भएको छ - "हामीले हामीलाई दिएको जिम्मेवारी अनुसार काम फत्ते गरेका छौं । हामीमाथि अनावश्यक दोष थुपारेर सरकारले राम्रो काम गरेन ।"

मल्लिक आयोगको प्रतिवेदनप्रति मन्त्रीमण्डलका तर्फवाट भविष्यमा कस्तो रवैया अपनाइनेछ त्यसैवाट मानवाधिकारको संरक्षणप्रति वर्तमान सरकारको धारणाको "लिटमस टेष्ट" पनि हुने देखिन्छ ।

वहाँले सोही अन्तर्वार्तामा यस्तो पनि भन्नु भएको छ - "मरिचमानहरुले आयोग समक्ष दिएको आफ्नो लिखित वयानमै जनआन्दोलन दवाएको कुरालाई लिएर नैतिक जिम्मेवारी स्वीकार गरेका छन् । कारवाहीको निम्ति यो भन्दा ठूलो प्रमाण अरु के चाहियो ? हामी पनि बर्षौंसम्म न्यायाधीश भएर काम गरेका मानिस हौं । कुनै कुरालाई कुन रुपमा प्रस्तुत गर्दा त्यसको कानूनी स्थिति के रहन्छ भन्ने कुरालाई ध्यानमा नराखीकन हामी काम गर्दैनौं । प्रधानमन्त्री कानूनी कुरा गर्नु हुन्छ भने कानूनविदहरु अरु पनि छन् , राखेर फेरी प्रतिवेदनको चिरफार गरौं न ।"

श्री मल्लिकले भदौ ११ गतेको जनमंच साप्ताहिकमा पनि भन्नु भएको छ -" म अहिले केही पनि भन्न सक्दिन । मैले बोले भने, सरकारलाई चुनौति दिन खोजे जस्तो हुन्छ ।मैले प्रतिवेदनमा जे टिप्पणी गरें त्यो ठीक वा गलत छ - मैले भन्दा तपाईहरुले भन्ने कुरा हो ।"

अन्तरिमकालका दुई मन्त्रीहरु निलाम्बर आचार्य र डा. देवेन्द्र राज पाण्डेले एक वक्तव्य प्रकाशित गर्दै ऐतिहासिक जन आन्दोलन दवाउन हिंसा र आतंक मच्चाउने पंचायतवादी नाइके र प्रशासकहरुमाथि कुनै कारवाही नगरिने प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइरालाको हालैको घोषणाले प्रजातन्त्र सुदृढ पार्ने इच्छाको अभावलाई दर्शाएको छ र प्रजातन्त्रका शत्रुहरुलाई अभयदान प्रदान गरेको कुरा बताउन भएको छ।

वहाँहरुले भन्नु भएको छ- "चैत्र २९,२०४६को नेपाली कांग्रेस संयुक्त वाममोर्चाको संयुक्त वक्तव्यको आठौं बुंदामा जन आन्दोलन दवाउने हिंसा र यातनाका दोषीलाई उचित दण्ड दिने माँग थियो । मल्लिक आयोग त्यही क्रममा गठन गरिएको हो ।"

यतिखेर सडक, संसद र पत्रपत्रिका सवैतिर जनआन्दोलन ताकाका अपराधीहरुमाथि कारवाही गर्नुपर्ने माग उठीरहेको छ । आयोगका अध्यक्ष स्वयं र आयोग गठन गरिंदाखेरिका मन्त्रीहरुले समेत प्रतिवेदन कारवाहीकालागि बाधक नरहेको धारणा अभिव्यक्त गरिरहेका छन् । अन्तरिम कालका अर्का दुई मन्त्रीहरु झलनाथ खनाल र सहाना प्रधान संसदमा सोही माग उठाइरहनु भएको छ । सांसदहरु यदि सरकारले उपरोक्त कदम चाल्दैन भने संसदले आफ्नो अधिकार क्षेत्रको दायराभित्रवाट पहल गर्नुपर्छ भनिरहेका छन् । र सभामुख ढुंगानाले पनि भदौ ११ गते सदनमा भन्नु भएको छ- "म सांसदहरुको पक्षमा छु र सरकारले त्यस्तो कदम चाल्दैन भने संसदका तर्फवाट सक्ने जति पहल लिनेछु भन्ने कुरामा सवैलाई आश्वस्त पार्न चाहन्छु ।"

यस्तो परिस्थितिले मानव अधिकार र प्रजातन्त्रप्रति वर्तमान प्रधानमन्त्रीको प्रतिबद्धताको परीक्षाको घडि निम्त्याएको छ । मल्लिक आयोगको प्रतिवेदनप्रति मन्त्रीमण्डलका तर्फवाट भविष्यमा कस्तो रवैया अपनाइनेछ त्यसैवाट मानवाधिकार को संरक्षणप्रति वर्तमान सरकारको धारणाको "लिटमस टेष्ट" पनि हुने देखिन्छ ।

स्थानीय चुनावको प्रतिशोध

गत जेठ असारमा सम्पन्न स्थानीय चुनाव पश्चात तयार गर्नु भएको रिपोर्टमा स्व. प्रकाश काफ्लेले लेख्नु भएको छ - "यस पल्टको निर्वाचनमा १८६ मतदान केन्द्रहरुमा पुनः मतदान भएका छन्, जवकि संसदीय चुनावमा ४४ केन्द्रहरुमा मात्र पुनः मतदान भएका थिए । यसर्थ तथ्य आफै बोल्छ - नेपाल कतातिर बढ्दैछ ।"

स्थानीय चुनावका क्रममा मूलतः सत्तापक्षबाट भएका मानव अधिकार उल्लंघनका बारेमा प्रशस्त चर्चा भइसकेका छन् । वर्तमान राजनीतिक सन्दर्भले उक्त निर्वाचनको चर्चालाई अव पछाडि धकेली सकेको छ । परन्तु त्यसै क्रममा वेपत्ता पारिएका रामेछापका भुवनलाल थापा मगर भने अझै घर फर्किएका छैनन् ।

गत वैशाख-जेठमा प्रहरीद्वारा गिरफ्तार गरिएका सोही जिल्लाका शिक्षक ठाकुर थापाले शान्ति सुरक्षा ऐनको प्रत्यक्ष अनुभव बोकेर वीसदिन पश्चात घर फर्किने अवसर पाए तर साउन २९ गतेका दिन सत्ताधारी पार्टीका कार्यकर्ताहरुद्वारा अन्य तीन जना साथी संग हिंसाको शिकार बनेका बाग्लुङका मुकुन्द चोख्यालले भने कहिल्यै नफर्कने गरी घटनास्थलबाटै संसरसंग विदा लिए ।

स्थानीय निर्वाचन पश्चात सोही निर्वाचनले रोल्पाको जिल्ला सभापति बनाएको झक्कु सुवेदीले पनि सुरक्षित रहन पाउने आधारभूत मानवाधिकारवाट वंचित हुनुपर्‍यो । नयाँ जिम्मेवारी सम्हालेको केही महिनाभित्रै उनी वेहोस हुने गरी अज्ञात व्यक्तिहरुद्वारा कुटिए ।

स्थानीय निर्वाचन भन्दा केही दिन अघिमात्र गिरफ्तार गरिएका सिन्धुलीका शिक्षक खड्ग बहादुर देवकोटा पनि अझै सत्ताको राजनीतिक प्रतिशोधको ज्वालावाट मुक्त भएका छैनन् । उनी अद्यापी थुनामा छन् ।

कपिलबस्तुका जगदीश बडाइले बाँच्न पाउने हक पनि पाएनन् तर उनको सबभन्दा आधारभूत अधिकारको हनन गर्ने अपराधीहरु प्रशासनले अझै फेला पार्न सकेको छैन । इतर राजनीतिक पार्टीका ती कार्यकर्ताको साउन २१ गतेका दिन हत्या भएको थियो । सिराहामा जनमोर्चाका कार्यकर्ता सिताराम सदालाई मर्नेहरु पनि फेलापरेका छैनन् ।

स्थानीय निर्वाचन पछिका दिनहरुमा भएका मानवाधिकार उल्लंघनका घटनाहरुको यो सानो झलकले नै वर्तमान स्थितिको चित्रण गर्दछ । चुनावताकाको मतभेदलाई स्वयं सरकारले भुल्न सकेको छैन । जनमोर्चाका तर्फवाट जित्ने रामेछापका सांसद कमल चौलागाई अद्यापी वारेण्टेड छन् र उनको घरको भित्तामा फेरि वारेण्ट पूर्जी टाँसिएको छ ।

अहिले पनि रोल्पा, रामेछाप, काभ्रे, सिन्धुली, गोरखा र तनहुँमा विपक्षी पार्टीहरुका क्रमशः ५००, ४००, ६०, ३०, ३० र २० जना कार्यकर्ताहरु झुठा मुद्दाहरुमा फसाइएका छन् ।

यसैवीच इन्सेकले उपलब्ध गराएको सूचनाको आधारमा जेनेभा स्थित यातना विरोधी अन्तरराष्ट्रिय संस्था ओ.एम.सी टीले संसारभरका आफ्ना सदस्य संस्थाहरु समक्ष भुवनलाल थापालाई मुक्त गर्न नेपाल सरकारसंग माग गर्न आव्हान गरेको छ । ओ एम सि टी ले स्थानीय निर्वाचनका क्रममा मारिएका व्यक्तिहरुको नामावली पनि प्रकाशित गरी सांसद, चौलागाई लगायत कैयन रानीतिक व्यक्तिहरुमाथि वारेण्ट काटिएको जानकारी पनि दिएको छ ।

चुनावमा अवान्छित हस्तक्षेप

एउटा बावुको पीडा

भुवनलाल थापा मगर

"मेरो छोराले कसको के विगारेको थियो र आज उसको यो गति भो । प्रजातन्त्रमा त सवैले पार्टीमा लाग्न पाइन्छ भन्थे तर मेरो छोरा कम्युनिष्टमा लागेकैले मर्नु पर्‍यो ।"

रामेछाप जिल्ला डडुवाका धनलाल थापा मगर जेठ १० गते स्थानीय चुनवाको वेला हराएको आफ्नो कान्छो छोराको खोजीमा काठमाण्डौ आइपुगेका छन् । जिल्ला प्रशासन रामेछापमा "ज्यानको खोजी होस्" भनेर दिएको निवेदन दर्तासम्म नगरिएपछि उनी काठमाण्डौमा केही उपाय लाग्छ कि भनेर आएका छन । तर आज भोली यहाँको स्थितिबाट निराश देखिन्छन् ।

..... जेठ १० गते प्रहरीकै अगाडिवाट छुरीले हिर्काएर रगत पच्छे बनाएर अपहरण गरिनु भएका भुवनलाल थापा मगरको बारेमा तीन महिना वितिसक्दा पनि प्रशासनिक निकायले कुनै खोजविन नमर्नु, प्रहरीहरु आफै भुवनलाल थापा मगरले विदेशवाट चिठ्ठि पठाएको छ भन्दै बावुलाई चिठ्ठी बुझाउन जानु, गृहमन्त्रीले भुवनलाल थापा मगरलाई लुकाएर यहाँ उजुरी गर्न आएको भनेर गैह्र जिम्मेवारीपूर्ण ढंगले कुराकानी गर्नुका पछाडि सरकार हत्याराहरुलाई वचाउन लागिर हेको छ भन्ने स्पष्ट हुन्छ ।

- जनादेश साप्ताहिक, भदौ ९

संसदीय अधिवेशनः

विरोधका कारण विधेयकको संशोधन र स्थगत

केही सार्वजनिक अपराध र सजाय ऐन, २०२७ लाई संशोधन गर्न बनेको ऐन गत भदौ ५ गते राष्ट्रिय सभामा पारित भएको छ। यसअघि गत साउन १९ गते उक्त सदनमा गृहमन्त्रीद्वारा प्रस्तुत सो विधेयकमाथि निकै वाद विवाद भएको थियो । अत्यधिक विरोधका कारण सरकारले विधेयकलाई विशेष समितिमा पठाई , उक्त समितिको प्रतिवेदनकासाथ दोश्रो चोटी प्रस्तुत गरेको थियो ।

यद्यपी विधेयकको सबभन्दा विवादको केन्द्र बनेको "राँके जुलुस निकाल्न नपाइने" प्रावधानलाई संशोधन गरी "त्यस्ता जुलुस र सभामा घुसेर बदमासी गर्नेमाथि कारर्वाही गर्ने" कुरो उल्लेख गरिएकोछ, तर "अन्तिम कैद गर्ने अधिकार अदालतलाई हुनेछ" भनिएपनि अन्तिम कैद बाहेकका अन्य सबै सजाय र कार्वाही गर्ने अधिकार प्रजिअलाई नै दिईएको छ । विधेयक माथिको बहसको अन्त्य संशोधनले पनि गर्न सकेको छैन ।

विधेयकको पूर्व रुपद्वारा संविधानको ठाडै उल्लंघन भएको महसुस गरिएको थियो । जसमा निरंकुश पंचायती व्यवस्थालाई समेत उछिनेर राजनीतिक गतिविधि माथि प्रतिबन्ध लगाउने अभिप्राय अघि सारिएको भान पर्दथ्यो ।

केही सार्वजनिक (अपराध र सजाय) ऐन- ०२७ को दफा २ लाई संशोधन गर्ने प्रस्ताव अघिसार्दै विधेयकमा भनिएको थियो -"आगो वा राँको लिएर जुलुसमा भाग लिने व्यक्तिलाई कसुरको मात्रा हेरी पाँच हजार रुपैयासम्म जरि वाना वा एक बर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।"

आगो वा राँको भन्नाले नेपालमा प्रचलित जुलुसका निम्न रुपहरुलाइ वेष्ठित गर्दछ -१. मशाल जुलुस २. मैनबत्ति जुलुस ३. लालटिन जुलुस । प्रशासनिक दमनको विरोध तथा मानव अधिकार एवं सामाजिक न्यायको पक्षमा आवाज उठाउनु पर्दा नेपालमा माथि उल्लिखित रुपहरुलाईप्रयोग गर्ने गरिन्छ। सोही विधेयकको दफा ३ मा जुलुस निकाल्ने र निकाल्न लगाउने दुबै व्यक्ति वा संस्थालाई समानरुपमा दोषी ठहराउन सकिने प्रावधान राखिएको थियो । दोषीलाइ सरकारले नियुक्ति गरेको कर्मचारीले न्यायालयको अनुमति र अनुमोदन विना नै जेल सजाय वा दण्ड जरिवाना गर्नसक्ने प्रावधान पनि बिधेयकमा थियो ।

उक्त विधेयकका सम्बन्धमा प्रतिपक्षीहरुले केही गंभीर प्रश्नहरु खडा गरेका थिए -१. मशाल जुलुस निकाल्नु अपराध हो ? २. त्यस्तो जुलुसमा सामेलहुने व्यक्तिलाई कारवाही गरिनेछ ? ३. त्यस्तो जुलुसको आव्हानकर्तालाई पनि कारवाही गरिनेछ ? ४. त्यस्ता कारवाहीमा पर्नेहरुलाई मन्त्री द्वारा नियुक्त कुनै पनि कर्मचारीले कारवाही गर्ने छ ? ५. यस्ता सजायमा अदालतको कुनै भूमिका रहने छैन ?

सुरुवातमै नेकपा (एमाले), संजमो र सद्भावना पार्टीका प्रतिनिधिहरुले दर्जनौ प्रमाण अघि सारेर उक्त विधेयक फिर्ता लिन माग गरेका थिए। गृहमन्त्रीले "मुलुकमा प्रजातन्त्र आइसकेकोले मैनबत्ति बोकेर जुलुस निकाल्नु आवश्यक छैन तथा हामीले नियुक्त गर्ने कर्मचारी पनि प्रजातान्त्रिक नै हुन्छन्" भन्ने तर्क अघिसारेर विधेयकलाई छलफलमा लैजानु भएको थियो ।

त्यसैगरी सांसदहरुलाई अध्ययनका निम्ति उपलब्ध गराइएको अत्यधिक चर्चित "सूचना सम्बन्धी विधेयक" सायद विरोधका कारणले नै सर कारले आजसम्म सदनमा पेश गरेको छैन । उक्त विधेयक ऐनमा रुपान्तरित भएको भए कुनै पनि सार्वजनिक महत्वको सूचना ग्रहण गर्न सम्बन्धित कार्यालयको अधिकारीलाई निवेदन लेख्नु पर्ने हुन्थ्यो र सूचना प्रदान गर्ने वा नगर्ने कुरा निज हाकिमको तजविजमा भरपर्ने हुन जान्थ्यो। सूचना पन्द्र दिनभित्र प्रदान गर्न सकिने भनिएको त थियो तर अवधिमा नपाइएमा पनि कतै उजुरी नलाग्ने व्यवस्था थियो ।

सो विधेयक अनुसार सरकारले मन्त्री परिषदको छलफल र निर्णय त गोप्य राख्न पाउथ्यो नै साथै कतिपय कुराको संसदलाई नै जानकारी प्रदान नगर्न पनि सक्ने अधिकार सरकारले प्राप्त गर्ने थियो । सदनमा पेश गर्नका निम्ति मन्त्री परिषदले गरेको निर्णय पनि उक्त विधेयक अनुसार सरकारले गोप्य राख्न सक्ने थियो ।

स्व. काफ्लेको दृष्टिमा मानवअधिकार

गोर्वाचोभ तीन दिन हराउनु र उदाउनुले सोभियत संघभित्र वर्तमान राजनीति वा अर्थनीति प्रति ठूलो अन्तरद्वन्द रहेको प्रष्टिन्छ । पश्चिमा संसारले देखाएको गोर्भाचोभप्रतिको आकर्षण र समर्थन कम्युनिष्ट पार्टीहरुले देखाएको मौन स्वीकृतिले गोर्वाचोभ साम्यवादबाट धेरै टाढा पुगिसकेको प्रष्ट हुन्छ । साम्यावद र समाजवादका आधारभूत सिद्धान्त प्रति निष्ठावान हुने हो भने देशमा प्रजातन्त्र र मानव अधिकार लाई जगको रुपमा ग्रहण गर्नु पर्दछ । तर प्रजातन्त्र र मानव अधिकारको परिभाषा अमेरिकाले निर्देश गरे जस्तो होइन आर्थिक अधिकार सहितको प्रजातन्त्रको जग हो । त्यसैले गोर्वाचोभ तीन दिन हराएपछि पनि विद्रोहीहरुले प्रजातन्त्रको आधारमा नभएर गैर प्रजातान्त्रिक आधारमा सत्ता लिन खोजे जसलाई सोभियत संघमा बन्न. थालेको प्रजातान्त्रिक वातावरणले छिटै निष्कृय तुल्याइ दियो ।

– स्व. प्रकाश काफ्ले

(गत बर्ष अगस्तको दोश्रो साताभा भएको "मस्को कू" पछि गोर्वाचोभको पुनः आगमन भए पश्चात भदौ ९ गतेको छलफल साप्ताहिकलाई प्रतिकृया व्यक्त गर्दै)

प्रकाश काफ्लेको महायात्रा

..... प्रकाश काफ्लेसंग अन्तिम चोटी भेट गर्न आर्यघाटमा पनि कसैले पाएन । कुशको काल्पनिक शरीरलाई अग्नि प्रदान गरेर नै वहाँका निम्ति विदाईका हातहरु हल्लिए । साउन सोह्रले बाँकि छोडेको आशाको त्यान्द्रोलाई पनि चुडाउँदै साउन बीसको त्यस दिनले मानिसहरुको आँशु फेरी निचऱ्यो ।

..... मुठ्ठीहरु उचालिए । प्रकाशको सपनालाई पूरा गर्ने संकल्प सबैले दोहोऱ्याए । मानवमात्रमा जाति, लिंग र भाषा आदि मात्र हैन प्रतिबद्धता र सोचाइका आधारमा पनि भेद गरिनुहुन्न भन्ने आदर्श मानवाधिकार कार्यकर्ताप्रति अन्तिम श्रद्धान्जली व्यक्त गर्न त्रिभुवन विमान स्थलको प्रांगणमा एमोलका अध्यक्ष, महासचिव, अधिकांश पोलिटब्युरो सदस्य र सांसदहरुका साथै नेपाली कांग्रेस, संजमो र नेमकिपाका वरिष्ठ नेताहरु पनि आए ।

..... श्रद्धान्जली सभाको आयोजना त्यस मानव अधिकार संरक्षण मंचले गऱ्यो जसका निम्ति काफ्लेले जीवनका अनमोल समय र ठूलो परिणाममा पसिना बगाउनु भएको थियो । सहभागीता सहयोद्धा नेपाल मानव अधिकार संगठनका तर्फबाट पनि रह्यो । विद्यार्थी, शिक्षक, प्राध्यापक, डाक्टर, बकिल, इन्जिनियर, पत्रकार सबका सब स्वतः स्फूर्तरुपमा भेला भए, यथोचित सूचनाको कमीलाई पनि समवेदनाले जित्यो ।

प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला, एमाले अध्यक्ष मनमोहन अधिकारी, सभामुख दमन ढुंगाना, नेपाली कांग्रेसका सर्वमान्य नेता गणेश मान सिंह, एमाले महासचिव मदन भण्डारी, माथिल्लो सदनका विपक्षीदलका नेता माधव कुमार नेपाल, नेपाल मजदूर किसान पार्टीका अध्यक्ष का. रोहितले स्व. काफ्लेको निवासमा गई शोक पुस्तिकामा हस्ताक्षर गर्नु भयो ।

एमालेका केन्द्रीय नेताहरु राधाकृष्ण मैनाली, मुकुन्द न्यौपाने, पूर्वमन्त्री देवेन्द्र राज पाण्डे, तेश्रो विश्व अध्ययन केन्द्रका सदस्य तथा भारतीय लेखक आनन्द स्वरुप वर्मा एवं प्रमुख निर्वाचन आयुक्त सूर्य प्रसाद श्रेष्ठ पनि शोक व्यक्त गर्न स्व. काफ्लेको मण्डिखटारस्थित निवासमा पुग्नु भएको थियो ।

सचित्र

"..... प्रकाश काफ्लेले मानवाधिकारका लागि गर्नु भएको योगदानहरुद्वारा वहाँ हामीबीच बाँचिरहनु भएको छ ।" पार्टीको ध्वजा ओढाएर स्व. काफ्ले प्रति सम्मान व्यक्त गर्नु हुँदै एमाले महा-सचिव भण्डारी ।

बँधुवा मजदूर मुक्ति मोर्चा र श्रमजीवी पत्रकार युनियनको आयोजनामा साउन बीस गते नयाँदिल्लीको जन्तर मन्तरमा स्व. काफ्लेप्रति शोक व्यक्त गर्न एक सभाको आयोजना गरिएको थियो । साउनको तेश्रो सातामा प्रवासी नेपालीहरुको आयोजनामा फरिदाबादमा एक अर्को शोकसभा सम्पन्न भयो । सभामा एमाले नेता माधव कुमार नेपालले स्व. काफ्लेका योगदानहरुमाथि प्रकाश पार्नुभयो ।

साउन २७ गते बिराटनगर र ३० गते हेटौंडामा पनि काफ्लेको संझनामा मानव अधिकार संरक्षणका जिल्ला समितिको आयोजनामा स्मृतिसभाहरु सम्पन्न भए ।

अभियान

पश्चिमाञ्चलमा कार्यरत मानव अधिकार कार्यकर्ता कुलराज घिमिरे

कुराकानी: कार्य- मैदानवाट

कुलराज घिमिरे, इन्सेकद्वारा संचालित मानव अधिकार तथा सामाजिक सचेतन अभिवृद्धि कार्यक्रमको पश्चिमाञ्चल क्षेत्रीय अधिकृत हुनुभन्दा निकै पहिलेदेखि नै मानवाधिकार आन्दोलनका परिचित योद्धा हुनुहुन्छ । ०३९ देखि जनकपुरवाट पाक्षिक सिंहावलोकनको सम्पादकको रुपमा पत्रकारितामा प्रवेश गर्नुहुने घिमिरेले मैथली साहित्य र संस्कृतिलाई नेपालीमा प्रचार गर्ने काममा निकै मेहनत गर्नु भएको छ ।

प्रस्तुत छ-मानव अधिकार संरक्षण मञ्चको स्थापना कालदेखि केही अघिसम्म त्यस संस्थासंग घनिष्ठ रुपले सम्बद्ध रहनु भएका चालीस वर्षीय घिमिरेसंग सचेतन अभिवृद्धि कार्यक्रमका सम्बन्धमा गरिएको कुराकानी ।

कार्यक्रम संचालन भए यताका दिनहरु कसरी बिताउनु भएको छ, बताइ दिनुहुन्छकि ?

अहिंसेसम्म कोरा सिद्धान्त र आदर्शको रुपमा रहेका मानव अधिकार सचेतन कार्यक्रम लिएर गाउँस्तर का जनसमुदाय सम्म पुऱ्याउनु पर्ने झन त्यसमाथि निरक्षर समुदाय समक्ष जानकारी पुऱ्याउनु पर्ने भएकोले हाम्रो काम सजिलो मात्र छैन ।

शुरुमा एकदमै छोटो समय लिएर जिल्लाको पर्यवेक्षण गरियो । सोही अवसरमा जिल्ला स्वयम सेवकहरुको छनौट गरियो । लगत्तै उनीहरुका निम्ति तालीम कार्यक्रमको आयोजना गरियो । फेरि जिल्ला सहयोग समिति, इलाका सकृय समूहको निर्माण, स्थानीय निर्वाचनमा मतदाता जागरण अभियान र पर्यवेक्षण, जिल्ला भेला जस्ता थुप्रै आधारभूत कार्यहरुले हाम्रो विगतको समय बित्यो ।

कामका दौरान सबभन्दा अप्ठ्यारो कुन बेला महशुस गर्नुभयो ?

माथि उल्लेख गरिएजस्तै मानव अधिकार संस्कृतिलाई व्यवहारमा उतार्नु अझ उत्पीडित अशिक्षित जनसमुदाय सामु देखापरेका विभिन्न अप्रजातान्त्रिक गतिविधिहरुबारे बताउनु अप्ठ्यारो कार्य हो । त्यस्तै शुरुमा अपरिचित जिल्लामा सामाजिक रुपवाट स्थापित व्यक्तिको छनौट गर्न साच्चिनै अप्ठ्यारो भएको थियो । तर त्यसपछि त्यस्तो महशुस गरिएन । साथै कहिले काँहि स्थानीय सरकारी पक्षवाट देखिएको असमझदारीले गर्दा हाम्रा साथीहरुले अलि बढी गाह्रो महशुस गर्नु भएको थियो । र फेरी निर्वाचनताका प्रधानमन्त्रीको प्रचार भ्रमण कार्यक्रमको समयमा जिल्लाहरुमा देखिएको उदण्डता र आतंक जस्ता अप्रजातान्त्रिक कृयाकलाप तथा उद्देश्यमूलक एवं लाचार प्रशासनिक कृयाकलापका फलस्वरुप भएको मानव अधिकार हनन सम्बन्धी रिपोर्टिङ एवं रोकथाम गर्न पनि निकै नै अप्ठ्यारो भएको थियो ।

तपाईको विचारमा पश्चिमाञ्चलका जनताले प्रजातन्त्रलाई कुन रुपमा बुझेका छन् ?

मेरो कार्य क्षेत्रमा भएको जन-सम्पर्कमा त्यस क्षेत्रका जनताले प्रजातन्त्रलाई मानव अधिकारमुक्त

स्वतन्त्रतापूर्वक मौलिक हकको उपयोग गर्न पाइने शान्ति सुव्यवस्थित व्यवस्थाको रुपमा लिएका रहेछन्, उनीहरुले अब आफूमाथि भइरहेको शोषण, उत्पीडन, दमनको अन्त्य हुनेछ भन्ने ठानेका रहेछन् । साथै प्रजातन्त्रिक सरकारसंग ठूलो आशा राखेका रहेछन्। तर आजसम्मको गतिविधि र स्थानीय निर्वाचनपछि उनीहरु केही खिन्नता व्यक्त गर्दैछन् ।

बास्तबमा तपाईहरु त्यहाँ के गर्दैहुनुहुन्छ ?

यस संस्थाद्वारा निर्धारित लक्षीत समुदायबीच मानव अधिकारको स्थितिको अध्ययन र जिल्लाको मानव अधिकार हनन सम्बन्धी घटनाको रिपोर्ट र रोकथामको प्रयास, वातावरण सुरक्षाका लागि बृक्षारोपण कार्यक्रम, निर्वाचन पर्यवेक्षण, लगायत स्थानीय रुपमा ज्यादै पीछडिएका जन जातिहरुको सम्बन्धमा स्थलगत अध्ययन आदि कामहरु हाम्रो कार्यक्रम अन्तर्गत भइरहेका छन् ।

सबभन्दा बढी सहयोग कुन बर्गका जनताबाट पाउनु भएको छ ? कतैबाट असहयोग पनि भएको छ ?

कुन बर्गका जनताले असहयोग गरेका छन् भनेर अहिले किटान गर्नु बेश हुने छैन । किनकि हामी कार्यक्रम लिएर जाँदा जसले कुरा सुन्न चाँहदैन थिए । अहिले तिनीहरु पनि सहयोग गर्न तयार छन् । त्यस्तै राजनैतिक दलहरु, प्रशासनिक इकाइहरुले शुरुमा बास्ता नगरेका जस्तो देखिन्थ्यो तर अहिले धेरैले हाम्रो व्यवहार हेरे कार्यक्रमहरु देखे, अब तिनीहरु सम्पर्कमा आउन लागेका छन् र सहयोग समेत गर्ने आशय व्यक्त गर्दै छन् । हामी सबैलाई हाम्रो पवित्र मानबीय कार्यको सम्बन्धमा विश्वास गराउदै छौ ।

इन्सेक केन्द्रलाई के सुझाब दिनु हुन्छ ?

शिक्षा र विकासका लागि भौतिक श्रोत जुटाउने प्रयास समेत हुनु आवश्यक छ । साथै जिल्ला र क्षेत्रबाट आएका सुझावहरुलाई विशेष ध्यान दिनु आवश्यक छ ।

प्रशिक्षण कार्यक्रमः

"अभियानमा डटेर उभिएका छौं"

"लडाईको मैदानमा जब एउटा योद्धा ढल्दछ, संगैको साथी एकछिन त स्तब्ध हुन्छ, तर ऊ तत्कालै फेरि मोर्चामा खडा हुन्छ, प्रकाश काफ्लेको निधनले हामीलाई त्यस्तै स्थितिमा पुऱ्याएको छ, हामी फेरि आफ्नो अभियानमा डटेर उभिएका छौं ।"



(प्रशिक्षक तालीमको एक झलक)

मानव अधिकार तथा सामाजिक सचेतन अभिबृद्धि कार्यक्रमका संयोजक सुशील प्याकुरेलले इन्सेकद्वारा काठमाण्डौमा आयोजित मानव अधिकार सम्बन्धी प्रशिक्षण कार्यक्रमको भदौ ९ गते एक समारोहका बीच समापन गर्दै उपरोक्त कुरा बताउनु भएको हो ।

मानव अधिकारका विविध पक्षहरुका बारेमा प्रशिक्षण प्रदान गरिएको उक्त त्रिदिवसीय कार्यक्रममा पत्रकारहरु - कनकमणि दीक्षित, भैरव रिसाल, हेम बहादुर विष्ट, कारितास नेपालका निर्देशक आशिष गुरुङ, स्यापका निर्देशक बासुदेव न्यौपाने, अधिवक्ताद्वय शिलु सिंह र पवन कुमार ओझा , इन्जिनियर नविन शर्मा एवं इन्सेकका तर्फबाट संयोजक सुशील प्याकुरेल लगायत विद्यासागर घिमिरे, प्रमोद काफ्ले र शिवहरी दाहाल प्रशिक्षकका रुपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा पूर्वाञ्चल र मध्यमाञ्चलका दश पहाडी जिल्लामा मानवाधिकार सचेतन कार्यक्रम अन्तर्गत कार्यरत एक्काइस पुरुष र एघार महिला गरी कूल बत्तिस जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो ।

दीक्षितः विकासलाई टेबा दिने मानवाधिकारको पक्षमा राजनैतिक व्यवहारमै सुधार हुनुपर्छ । आधुनिकीकरणको नाममा पश्चिमीकरणलाई भित्र्याउनु अघि राष्ट्रिय परिस्थितिको विश्लेषण गर्नु पर्दछ ।

रिसालः राजनैतिक परिवर्तन महशुस नभइरहेको वर्तमान परिवेशमा सर्वप्रथम प्रजातन्त्रलाई दिगो पार्नु र जनताप्रति जनप्रतिनिधिहरुको उत्तरदायित्वको बारेमा चेतना फैलाउनु आवश्यक छ ।

विष्टः विश्वभर व्यापक महत्वकासाथ लिइएको वातावरणको समस्यालाई समाधान गर्ने उपायहरु के के हुनसक्छन् भन्ने विषयमा हरेक सचेत नागरिकले सोच्नु पर्दछ ।

गुरुङः नियन्त्रण र संकुचनमा राख्न नसकिने अति संवेदनशील कुरो -न्यायलाई प्रकृतिले नै सामाजिक बनाएको छ ।

न्यौपानेः गैर सरकारी संस्थाहरुले ग्रामिणक्षेत्रमा भोगिरहनुपरेको समस्यालाई जनताको सकृय सहभागिताद्वारा मात्र पन्छाउन सकिन्छ ।

ओझाः नेपालको वर्तमान संविधान उच्च आदर्शबाट प्रेरित छ तर सरकारले मानबाधिकारको क्षेत्रमा यसको पालना गर्न सकेन भने त्यो आदर्श सफल हुने छैन ।

सिंहः महिलाको प्रत्यक्ष संलग्नता विना प्रजातन्त्र रहने छैन र विकास पनि संभव हुने छैन, महिलाहरुको अपमान गर्ने खालका कानूनहरुको संशोधन गरिनु पर्छ ।

कार्यक्रमको अन्तिम दिन प्रमोद काफ्लेले मानवाधिकार तथा सामाजिक सचेतन कार्यक्रमको त्रैमासिक प्रगति प्रतिवेदन पेश गर्नु भएको थियो ।

- राज नारायण नेपाली,
राम शरण प्याकुरेल र प्रेम ओझा

विदेशमा प्रशिक्षण

जिल्ला जिल्लाका ग्रामिण इलाकाहरुमा काम गर्ने मानवाधिकार कार्यकर्ताहरु स्वयंको चेतनामा थप अभिबृद्धि गराउने अभिप्रायले उनीहरुलाई इन्सेकद्वारा विदेशमा तालीमका लागि पनि पठाइने गरिएको छ। त्यसैक्रममा गत साउन १ देखि १६ गतेसम्म कमिशन फर जस्टिस एण्ड पीसको तत्वाबधानमा बंगलादेशमा आयोजित मानावधिकार प्रशिक्षक तालीममा मानव अधिकार तथा सामाजिक सचेतन अभिबद्धि कार्यक्रम अन्तर्गत पूर्वाञ्चलमा कार्यरत राज नारायण नेपालीले भाग लिनुभएको थियो । उक्त तालीम कार्यक्रममा नेपालबाट मानवाधिकार कार्यकर्ताद्वय निदेश प्रसाद कोइराला एवं बिद्यासागर घिमिरेले पनि भाग लिनु भएको थियो ।

आउँदो असोजमा सचेतन कार्यक्रम अन्तर्गत मध्यमाञ्चल र पश्चिमाञ्चलका कार्यकर्ता द्वय ठाकुर ढकाल र दशरथ बुढाथोकी पनि सोही प्रकृतिको पन्ध्र दिने तालीम कायक्रममा भाग लिन फिलिपिन्स तर्फ जाँदै हुनुहुन्छ ।

श्रध्दान्जली !

साउन सोह्रको विमान दुर्घटनाले एउटा उद्देश्यमूलक मार्गमा अघि बढीरहनु भएको पत्रकार आङदोर्जे शेर्पा एवं नेपालका एक अनन्य मित्र मार्टिन हाफ्टनलाई पनि बीचैबाट खोसेर लग्यो । वहाँहरुको भौतक विलय नेपाल र नेपालीका निम्ति अपूरणीय क्षति हो । हार्दिक श्रध्दान्जली दुवै योध्दाहरुप्रति ।

इन्सेकः राष्ट्रिय सीमा भित्र र वाहिर

असंगठित क्षेत्रलाई सहयोग गर्ने उद्देश्यले साढेतीन वर्ष अघि स्थापित अनौपचारिक क्षेत्र अनुसन्धान केन्द्रले वास्तवमा जनता माझ गहिरिएर काम गर्न थालेको भने प्रजातन्त्रको पुनः बहाली पश्चात नै हो । त्यति बेलासम्ममा यसको नाम आवश्यक सुधारकासाथ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) भइसकेको थियो । त्यसपछिका दिनहरुमा इन्सेकले देशको तराईदेखि पहाडी इलाकासम्म मात्र हैन, सीमाना पारी पनि आफ्नो परिचय यथेष्ट मात्रामा दिएको छ ।

विगतका कार्यक्रमः

पछौटे क्षेत्रका जनसमुदायलाई संगठित गर्दै उनीहरु बीच मानवीय मूल्य र मान्यताको प्रसार गर्ने उद्देश्यकासाथ स्थापित इन्सेकले आफ्नो सुरुवात कालमा काठमाण्डौका ठेलावालाहरुलाई अनौपचारिक शिक्षा तथा निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रम संचालन गरेको थियो ।

गत संसदीय आमनिर्वाचनअघि इन्सेकले देशका चेतनाका हिसावले बढी पिछडिएका बीसवटा जिल्लाहरुमा मतदातासचेतन कार्यक्रम संचालन गरेको थियो । ०४७ असारदेखि ०४८ वैशाखसम्म संचालित उक्त कार्यक्रमको अवधिमा देशभरका ६ ठाउँमा स्थानीय सहभागिताका आधारमा "निष्पक्ष र धाधलीरहित निर्वाचनका पूर्वाधारहरु" विषयक गोष्ठीहरुको आयोजना गरिएको थियो ।

ऐतिहासिक महत्वको पहिलो संसदीय निर्वाचन धाँधलीरहित ढंगले सम्पन्न गर्न "राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति" को कृयाकलापमा इन्सेक सकृयता पूर्वक संलग्न रहेको थियो । उक्त समितिको निमन्त्रणामा विभिन्न देशहरुवाट आएका अस्सी जना पर्यवेक्षकहरुले देशका विविध क्षेत्रमा निर्वाचन प्रक्रियाको अवलोकन गरेका थिए । अन्तरराष्ट्रिय पर्यवेक्षण टोली कै हाराहारीमा राष्ट्रिय पर्यवेक्षण टोलीको पनि गठन गरिएको थियो । र उक्त टोलीमा रहेका नेपालीहरुलाई निर्वाचन पर्यवेक्षण सम्बन्धी आवश्यक जानकारीका निम्ति सप्ताहव्यापी तालीम कार्यक्रमको पनि इन्सेकद्वारा व्यवस्था गरिएको थियो ।

इन्सेकका केही प्रकाशनहरु

इन्सेकले कर्णाली अंचलका केही स्थानमा "जारी" प्रथावारे सुरु गरेको अनुसन्धान सम्पन्न गरिसकेको छ ।

आफ्नो देशको सीमा वाहिरका क्षेत्रीय स्तरका कतिपय कार्यक्रमहरु पनि इन्सेकले सफलतापूर्वक सम्पन्न गरिसकेको छ ।

०४८ चैत्र ४ देखि ११ गतेसम्म काठमाण्डौमा इन्सेकले दक्षिण एशियामा कार्यरत गैर सरकारी संगठनका प्रतिनिधिहरुको उल्लेख्य सहभागितावीच सूचना र अभिलेख सम्बन्धी तालीम कार्यक्रम सम्पन्न गऱ्यो । नर्वे स्थित हुरिडक्सका प्रतिनिधिहरुद्वारा प्रशिक्षण प्रदान गरिएको उक्त कार्यक्रममा तिब्बती शरणार्थी र वर्माका प्रतिनिधिको पनि सहभागिता रहेको थियो ।

सूचनाको क्षेत्रमा पनि प्रभूत्वबादलाई पन्छाएर पिपुल सार्कको परिकल्पना साकार तुल्याउने इन्सेकको उद्देश्य अनुरुप चैत्र ९ गते काठमाण्डौमा सार्क क्षेत्रका पत्रकारहरुको भेला सम्पन्न भयो ।

काठमाण्डौमै इन्सेकले ०४८ भदौ ८ र ९ गते "अति जटिल परिस्थितिमा मानव अधिकारको संरक्षण र सम्बर्धनका लागि सार्क क्षेत्रका केही सकृय मानव अधिकारवादी कार्यकर्ताहरुको बैठक" सम्पन्न गऱ्यो । काश्मिर र भूटानका विषयमा गहन छलफल भएको उक्त बैठकलाई धेरैतिरबाट निकै महत्व दिइएको थियो । सोही बैठकले दक्षिण एशियामा हुने मानव अधिकारका उल्लंघनहरुको प्रचार प्रसार गर्ने द्वैमासिक बुलेटीन प्रकाशन गर्ने जिम्मा इन्सेकलाई दिएको हो ।

सोही बैठकको निर्णय अनुसार भूटानी जनआन्दोलन प्रति ऐक्यबद्धता दर्शाउन दिल्लीमा एक कार्यक्रमको आयोजना गरिएको थियो ।

०४८ चैत्र १० देखि ११ गतेसम्म "विकासमा कानूनका निम्ति अन्तरराष्ट्रिय केन्द्र" न्यूयोर्कका अध्यक्ष डा. क्लेयरेन्स जे. डायसको समुपस्थितिमा काठमाण्डौमै सार्क पत्रकारहरुको दोश्रो भेला सम्पन्न भयो । जसले सार्क पत्रकारहरुको मानवाधिकार संघको स्थापनाका निम्ति पूर्वाधार तयार पाऱ्यो ।

भूटानका निम्ति सार्क कानूनविदहरुको अभियान अन्तर्गत इन्सेकका तत्कालीन निर्देशक प्रकाश काफ्लेको प्रमुख सकृयतामा "द ट्रेजिडी अफ भूटान: व्होईन ईट बील ईण्ड" नामक महत्वपूर्ण पुस्तकको प्रकाशन भइसकेको छ ।

वर्तमानका गतिविधि:

बँधुवा मजदुर सम्बन्धी अध्ययन तथा कार्यक्रम मानवाधिकार सचेतन अभिबद्धि कार्यक्रम, संचालन गर्नुका साथै इन्सेकले यतिखेर दक्षिण एशियाका अति जटिल परिस्थिति भएका ठाउँहरुको मानवाधिकार उल्लंघन सम्बन्धी नियमित अभिलेख राख्ने काम पनि गरिरहेको छ । पीडित महिलाहरुका निम्ति एउटा नियमित मंच संचालन इन्सेकको उद्देश्य अनुरुप आउदो बर्षको शुरुआतमा नेपालमा समाजमा विविध कोणवाट पीडित महिलाहरुको भेलाहुने निश्चित भइसकेको छ ।

भविष्यको कार्यक्रम:

"इन्टरनेशनल कांग्रेस अन डेमोक्रेटिक अल्टरनेटिभ फर डेभलपमेन्ट, ह्युमन राइट्स, जष्टिस एण्ड पीस" इन्सेकको भविष्यको सबभन्दा महत्वाकांक्षी योजना हो । उल्लेखित इन्टरनेशनल कांग्रेस अन्तरराष्ट्रिय ख्याति प्राप्त व्यक्तिहरुका माझ काठमाण्डौमा सम्पन्न गराउने स्व. प्रकाश काफ्लेको योजना र सपनालाई इन्सेकले आधारभूत तयारीको चरणवाट अघि बढाउँदै छ ।

पिपुल सार्क वा जन-दक्षेसको स्व. काफ्लेको परिकल्पनालाई साकार रुप दिनका लागि त सम्पूर्ण सार्क क्षेत्रका सहयोगी संघ-संस्थाहरु लागिरहेका छन् र यस्को लागि इन्सेकले निश्चय पनि सक्दो सहयोग गर्नेछ ।

माथि उल्लेखित कार्यक्रमहरुले मात्र इन्सेकको सम्पूर्ण सकृयतालाई झल्काउन सकेका छैन । यस संस्थाको सुरुवात कालदेखि नै अनेकन महत्वपूर्ण पुस्तक पुस्तिकाहरु प्रकाशित भएका छन् । चेतना अभिबृद्धिकालागि तयार पारिएका इन्सेकका कैयन पोस्टरहरु गाउगाउँमा टाँसिएका छन् । मानव अधिकार तथा सामाजिक सचेतन अभियान सुरु भए यता त इन्सेक दूर्गम ग्रामिण इलाकाहरुमा दिनहुँ देखापर्ने धावक नै बनेको छ ।

पाठक बृन्द !

"प्राची" को यो अंक कस्तो रह्यो लेखेर पठाउनु भए हामीलाई अर्को अंकको तयारी गर्न सघाउ पुग्ने थियो ।

"प्राची" अब नियमित रुपले प्रकाशित हुनेछ । यसको स्वस्पलाई सुहाँउदो रचनाहरुको सबैतिरबाट अपेक्षा गरिन्छ ।

"प्राची" ले खासगरी विद्यालय तहका शिक्षक र विद्यार्थीहरु बीच मानवाधिकार सम्बन्धी चेतना सुदृढ गर्ने ध्येय बोकेको छ । मानव अधिकारका लागि उपयुक्त संस्कृतिको विकासका निम्ति प्रतिवद्ध "प्राची" मानव अधिकार तथा सामाजिक सचेतन अभिबृद्धि कार्यक्रम अन्तर्गतकै एक प्रयास हो ।

पत्राचारका लागि

प्राची

पो. ब. नं. २७२६, काठमाण्डौ ।

मानव अधिकार गीत

रचना, संगीत:
रमेश कुमार बानिया

आओ साथी हो
गाऔं साथी हो
गाउघर ब्युँझाउँदै जाऔं साथी हो
गाउँघर जतातै साहै अत्याचार
बुझाउँदै हिड्नुपर्छ मानव अधिकार

प्रजातन्त्र आयो अब बोल्न पायौ कि ?
पार्टी, संघ र संगठन खोल्न पायौ कि ?
एक जोर लाउन, एक पेट खान तिमीले पायौ कि ?
छैन भने तिमीमाथि भयो अत्याचार
बुझाउँदै हिड्नुपर्छ मानव अधिकार
किसानको काँध माथि हलो टुट्यो कि ?
वर्ष भरी काम गर्दा खान पुग्यो कि ?
छैन भने तिमीमाथि भयो अत्याचार
बुझाउँदै हिड्नुपर्छ मानव अधिकार

नारीहरु चुलो चौका खेतवारी हेर्ने
खान मार्दै बच्चाहरुले उनैलाई घेर्ने
बलात्कार र गुण्डागर्दी साहै अत्याचार
बुझाउँदै हिड्नु पर्छ मानव अधिकार

कानूनको नजरमा सबै समान
हेपिएर बस्नुपर्ने छैन जमाना
कानूनले त सानो ठूलो कोही भन्दैन
तर तिम्रो सानो बोली यसले सुन्दैन
एकजुट भइ लिनुपर्छ आफ्नो आफ्नो अधिकार
बुझाउँदै हिड्नु पर्छ मानव अधिकार

अब प्रकाशको उद्‌गम स्थलमै उसलाई हेरिएला

"जतिसुकै राम्रा कानून किन नवनुन्, जबसम्म तल्लो तहका जनताले कानूनको ब्याख्या र मर्म बुझ्दैनन् तबसम्म मानव अधिकारको स्थिति सुदृढ पार्नका निम्ति एउटा माध्यम मात्र हुन सक्दछ, यसले नै मानव अधिकारको सुरक्षा पूर्ण रुपमा गर्दैन। त्यसैले मानव अधिकारसंग सम्बन्धित कार्यकर्ताहरुको कार्य निरन्तर रही नै रहन्छ र मानव अधिकारको सुरक्षाको निम्ति सरकारको दायित्व जहाँसुकै पनि प्रमुख हुने गर्दछ।"

एउटा कम्युनिष्ट भएर नेपाल र विश्वका विभिन्न राजनीतिक चिन्तनका मानवाधिकारवादी व्यक्ति र संस्थाहरुसित सम्पर्क गरेर र मिलेर काम गर्ने प्रयत्न थाल्दा र नेपालमा संयुक्त जनआन्दोलनको पृष्ठभूमि तयार पार्दा नेपाली कम्युनिष्टहरुले जुन अफ्ठेरो र जटील समस्याको सामना गर्नु पर्‍यो त्यस चपेटालाई प्रकाशले पनि निकै कठिनाईका साथ पार गर्नु पर्‍यो।

.....विसंगतिजन्य पीडा भोगेर पनि प्रकाशहरु आफ्नो काममा जुटी नै रहनु भयो, हतास भएर पछि फर्कनु भएन। वहाँहरुको त्यो गुण अनुकरणीय छ।

प्रकाशमा आफूले आँटेको क्षेत्रमा कृयाशील हुने कार्य क्षमता, उर्जा र कुशलता असीम मात्रामा थियो र पक्षी प्रतिपक्षी दुवै निम्ति त्यो अनुकरणीय इर्श्यायोग्य थियो। म जन सांस्कृतिक मंचको तर्फबाट पनि वहाँलाई विशेष रुपले सम्झन्छु।

– मोदनाथ प्रश्रित

.....त्यतिका मानिसहरुको बाँकी भविष्य आकशमै टुंगियो। त्यसै विमानभित्र मानव अधिकार र मानवीय समानताको लागि लडिरहेको एउटा प्रकाश पनि फेरी मित्रहरुको अगाडि र आफ्नु अभियानको लागि नफैलने भयो। त्यो प्रकाश प्रकाशको मार्गमै विलिन भयो, प्रकाशको उद्‌गम केन्द्रमै मिस्सियो। अव प्रकाशहरुमै (प्रकाशमै) उसलाई हेरिएला र संम्झिएला। तर उसको रुप छुट्टै प्रकाशको रुपमा भने नपाइने भइयो।

.....र, लाग्यो मृत्यू प्रकाश हामीतिर निभेर अन्तै बल्न गयो। जहाँ पुगेपनि त्यहाँ उज्यालो पारी राख्ला। त्यहाँ यदि मान्छे छन् भने त्यहाँ पनि मान्छेको अधिकारको कुरोमा उत्तिकै सकृय होला।

....मानवीय समानताको लागि सतत् संघर्षशील नेपालको बामपन्थी राजनीतिको लागि उसको यस किसिमको जीवन जगतसंगको विच्छेद निश्चय नै एउटा ठूलो क्षति हो।

यो पुनः पूर्ति हुन नसक्ने क्षतिलाई पनि सहनै पर्छ।

– राजव

मानव अधिकारको लागि जीवनका अन्तिम क्षणसम्म पनि लडिरहने प्रकाशको अधुरो सपना पूरा गर्न हामी कति सफल हुनेछौं त्यो त थाहा छैन, तर प्रकाश जस्तै पार्टी सिध्दान्त र वादको घेराभन्दा माथि उठेर राष्ट्रको लागि सोंच्ने वेला भने अव आइसकेका कुरा नकार्न सकिदैन।

– अशेष मल्ल, (जनमन्च, साउन २९)

प्रकाश त्यसपछि मानव अधिकार सचेतन कार्यक्रममा डुबेरै लाग्नुभयो। दक्षिण एशियाबाटै मानव अधिकारको नयाँ अवधारणा विकसित हुनेछ भन्ने आफ्नो मन्यताको कार्यान्वयन गर्ने काममा डुबेरै लाग्नु भयो। यसरी लागेपछि प्रकाशले गर्नु भएका कामका परिणामहरु तपाई हाम्रा सामु छन्।

त्यसैले साथीहरु, प्रकाशको सम्झनामा अहिले यत्ति भनौं - काम गरौं। जनता र राष्ट्रप्रति पूर्णतः समर्पित भएर काम गरौं। त्यहिं नै हाम्रो सिंगो जीवनको सार्थकता ठहरिनेछ।

– संजय थापा

अब प्रकाशको उद्गम स्थलमै उसलाई हेरिएला

मानव अधिकार सम्बन्धी कार्यलाई लामो समयदेखि आफ्नो क्षेत्र बनाउदै आउनु भएका काफ्ले नेपालमा प्रजातन्त्र पुन: स्थापना आन्दोलनमा पनि त्यतिकै क्रियाशील रहनु भएको हो । राजनीतिक रुपमा मुख्यत: वामपन्थी आन्दोलनलाई प्रकाश काफ्लेले आफ्नो विद्यार्थी जीवनदेखि नै सक्रिय रुपमा सघाउदै आउनु भएको थियो, मानव अधिकार सम्बन्धी सभा, सम्मेलन गोष्ठीहरुमा काफ्लेले विश्वका अनेक भू-भागको भ्रमण गर्नु भएको थियो। दिवंगत प्रकाश काफ्लेले नेपाललाई दिनु भएका योगदानहस् नेपाली इतिहासका पानामा सधैं इंगित रहिरहनेछन् ।

- समिक्षा साप्ताहिक, साउन २३

" हामीले भन्ने गरेको मानव अधिकार - प्रेस स्वतन्त्रता, संगठन निर्माण गर्ने स्वतन्त्रता मात्र हैन स्वास्थ्य उपचारको अधिकार, शिक्षाको अधिकार राष्ट्रको सम्पत्ति र सम्पदा सम्पूर्ण नेपालीको हो भन्ने भावनायुक्त विकासका लागि अधिकार सहित संयुक्त राष्ट्र संघले घोषणा गरेको विश्व मानव अधिकार हो ।"

.....प्रकाश काफ्ले - सामाजिक अन्याय विरुध्द असंख्य संघर्षको ऊ मेरो साथी, मेरो कमरेड । ऊ घर फर्कंदै थियो तर उसको लागि त्यो फर्काइ अपुरो रह्यो ।.... त्यति नजिक तर पनि धरै टाढा ।

प्रकाशसंग मेरो पहिलो भेट मई १९८९ मा भएको थियो र यतिखेर त्यो क्षण अबिश्वसनीय लागिरहेकोछ। यसर्थ कि जब त्यो अपर्याप्त तीन वर्षको अवधिमा प्रकाशका कामहरुको म स्मरण गर्छु। मलाई लाग्छ म उसको जीवनकै उपलब्धीहरुको वारेमा ध्यानमग्न छु । फेब्रुअरी १९९० मा जब नेपाली जनता संयुक्त रुपमा प्रजातन्त्रको लागि संघर्षमा जुटे प्रकाश संघर्षको अग्रीम मोर्चामा डटेको थियो ।

महंगो विजयको रुपमा प्राप्त प्रजातन्त्रको सुरक्षार्थ जब नयाँ संविधानको निर्माण हुदै थियो । उत्तेजनाको ती महिनामा प्रकाश र उसका साथीहरुले संविधानको सवाललाई जनस्तरसम्म पुर्‍याउन संवैधानिक सचेतनको अभियान छेडेका थिए । यसर्थकि, नेपाली जनताले जीवित संविधान पाउन सकुन। मात्र कागजमा मात्र मसीले कोरिएको संविधान होइन, अपितु त्यो संविधान जुन जनताको हृदयमा सदा सर्वदा बाँचिरहोस् ।

नेपाल लगायत दक्षिण एशियामा विद्यमान सामाजिक अन्यायको विरोधमा मानव अधिकारका लागि अनगिन्ति लडाइमा समर्पित प्रकाशका काम कारवाहीको रुखो विवरणले मात्र कदापि त्यो मान्छेको गतिशिलता, मानवता तथा समर्पणलाई समेट्न सक्दैन । ऊ अथक योद्धा थियो .....

"माया गर्नु र मर्न दिनु के यो पर्याप्त छ ?" लाग्छ यो चुनौति प्रकाशले वारम्वार हामीलाई दिनेछ । मसंग संस्मरणका लागि अनेकौं दिनहरु छन् जुन दिनहरुमा ऊ आफ्नै भलाद्मी पाराको हठ्मा हामीलाई थकित पार्थ्यो र जे गर्नु आवश्यक छ त्यो काम फत्ते गरि हाल्न हामीलाई जोताउथ्यो ।

हामी मध्ये जसले प्रकाशलाई चिन्ने सौभाग्य पाएका थियौं, वेदना र क्षति वाहेक अरु महशुस गर्न सक्दैनौं । यद्यपी यतिखेर पनि प्रकाश भने चुनौति दिदैछ। शोक मनाउनुभन्दा काम गर । .... म प्रकाशको सन्दर्भमा भूतकालमा सोच्न, लेख्न र बोल्न सक्दिन । यसर्थकि, अझै पनि ऊ आफ्नो उपस्थिति जनाउने गर्छ। हिजोको त्यो मानवाधिकार कार्यकर्ता आजको त्यो दु:खान्त व्यक्तित्व मेरो लागि भोलीको आख्यान र नेता बनेको छ। मृत्यु, घमण्ड गर्नु व्यर्थ छ। प्रकाशका सपनाहरुलाई तँ निभाउन सक्ने छैनस् । उसका सपनाहरुलाई हामीले जीवित राख्न सकेमा प्रकाश पनि हामीसंगै बाँचिरहने छ

- डा. क्लियरेन्स जे. डायस

अध्यक्ष, इन्टरनेशनल सेन्टर फर ल इनडेभलपमेन्ट, न्यूयोर्क

अब प्रकाशको उद्गम स्थलमै उसलाई हेरिएला

प्रकाश राज काफ्ले (नेपाल)को निधन दक्षिण पूर्व एशियाका मानवाधिकार कार्यकर्ताका लागि दुःखद क्षति हो। १९९० को अप्रिलमा राजा वीरेन्द्र वीर विक्रम शाहदेवलाई संवैधानिक राजा बनाउने मागकासाथ नेपालमा भएको प्रजातान्त्रिक प्रदर्शनहरुमा भएको सरकारी ज्यादतिहरु बारे अन्तरराष्ट्रिय मानवाधिकार संगठनहरुलाई बताउने अभियानको संचालन गर्ने, काममा वहाँ सक्रय हुनुहुन्थ्यो।

अन्तरिम प्रधान मन्त्री के. पी. भट्टराईको सहयोगमा अन्तरराष्ट्रिय चुनाव पर्यवेक्षण टोलीको संयोजन गर्ने कामका लागि प्रकाश नै मुख्य रुपले जिम्मेवार हुनुहुन्थ्यो।

– थाइल्याण्डको द नेसनको साउन २० गतेको अंकमा प्रकाशित सम्पादकीय

उसको हामीसंगको सम्बन्ध दुई पत्रकार यूनियनका कमरेडहरु वीचको जस्तै थियो। हामीले कहिल्यै ऊ पत्रकारिताभन्दा भिन्दै मानवअधिकारको काम गरिरहेको छ भन्ने अनुभव गरेनौं, न त उसले हाम्रो देशका लागि नभएर अर्को देशका लागि काम गरिरहेको छ भन्ने ठान्यौं।

– अनिल शुक्ला,

महासचिव, दिल्ली यूनियन अफ वर्किङ जर्नालिष्ट

श्री काफ्लेको निधन नेपालको मात्र हैन सम्पूर्ण दक्षिण एशियाकै प्रजातान्त्रिक आन्दोलनका निम्ति अपूरणीय क्षति हो।

– डी. प्रेमपति

अध्यक्ष, थर्ड वर्ड स्टडिजसेनटर, नयाँ दिल्ली

स्व. काफ्लेप्रति श्रद्धान्जली व्यक्त गर्दै देशका असंख्य अखवारहरुले मात्र समाचार प्रकाशित गरेनन्। दूर दूरका देशहरुवाट समेत वहाँप्रति श्रदान्जली व्यक्त गरिएका पत्रहरु ठूलो संख्यामा इन्सेक कार्यालयमा प्राप्त भएका छन्।

न्यूजिल्याण्डको एशिया प्यासेफिक वर्क्स सोलिडारिटी लिंक, वाशिंटन स्थित नेपाल ह्युम्यान राइट्स कमिटी, भूटान पिपुल्स पार्टी, स्टुडेन्ट यूनियन अफ भूटान, भूटानी मुभमेन्ट फर ह्युम्यान राइटस् एण्ड डेमोक्रेसी, एशियन साउथ प्यासेफिक व्यूरो अफ एडल्ट एजुकेशन, एक्फोड, कोलम्वो स्थित लयर्स फर ह्यूम्यान राइट्स एण्ड डेभलपमेन्ट, वंगालादेशस्थित फादर टीमको कमिशन फर जस्टिस एण्ड पीस, काठमाण्डौ स्थित डेनिस राजदूतावास, नेपाल मानव अधिकार संगठन, मानव अधिकार संरक्षण मञ्च र नेदरल्याण्डस्थित नेपाल सपोर्ट ग्रुपवाट स्व. काफ्ले प्रति श्रद्धान्जली व्यक्त गरिएका पत्रहरु आएका छन्।

त्यस्तै, ह्यूम्यान राइट्स अर्गनाइजेशन अफ भूटान, कारितास-नेपाल, हङकङ स्थित एशिया पार्टनरशिप फर ह्यूम्यान डेभलपमेन्ट, हङकङ कै डकुमेन्टेशन फर एक्सन ग्रुप इन एशिया र एशियन रिजनल एक्सचेन्ज फर न्यू अल्टरनेटिभ, फिलिपिन्सको लावासीया ह्युम्यान राइट्स कमिटी, नयाँ दिल्ली स्थित नर्वेजीयन राजदूतावास, यु.एन.भी. प्रोग्राम अफिसर र न्यूयोर्कको फण्ड फर पीसवाट पनि इन्सेक कार्यालयमा समवेदनाहरु आइपुगेका छन्।

नेपाल वार एशोसिएसन तथा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिका पूर्व अध्यक्ष एवं वरिष्ठ अधिबक्ता वासुदेव ढुंगाना र नेपाली कांग्रेस महा समितिका सदस्य बद्री नारायण वस्नेतले पनि शोक सन्देश पठाउनु भएको छ भने एशिया र युरोपका कतिपय गैर सरकारी संस्थाका तर्फवाट पठाइएका समवेदना सन्देशहरु प्राप्त भइरहेकै छन्।

"प्रजातन्त्रको स्तरको सही मानेमा जायजा लिने आधार निर्वाचन पनि हो। निर्वाचनको वेलामा नै सरकारको प्रजातान्त्रिक आचरण, विपक्षीको सकारात्मक भूमिका र निर्वाचन आयोगको तथस्ठतालाई भाँज्ने परिक्षण गर्ने गरिन्छ।"

खोंडवसईका बँधुवाहरु मुक्त भए

पत्रकारहरुले मजदूरहरुसंग साक्षत्कार लिन शुरु गरे। फोटोग्राफरहरुको क्यामरा चल्न थाल्यो। बुढी आइमाई सत्यार्थीका सामु आएर रुन थाली। केटाकेटी कराउन थाले। पूरै वातावरणमा दौडधुप मच्चियो।

छिमेकी राष्ट्र भारतमा बँधुवा मजदूरी उन्मूलन अधिनियम लागु भएको १९ वर्ष भइसक्यो तथापि आज पनि त्यहाँ बँधुवा मजदूर राख्ने अमानवीय प्रथा ज्यूँदो छ। प्रस्तुत छ दिल्लीस्थित बँधुवा मुक्ति मोर्चाद्वारा १९८९ मा तयार पारिएको हरियाणाको गुडगाव जिल्लाको नुहुँ तहसीलको खोंडबसई गाउँका बँधुवा मजदूरहरुको मुक्ति सम्बन्धी प्रतिवेदन।

खोंडबसई गाउँका ढुंगाका खानीहरुमा यी अड्चालिस जना बँधुवा मजदूर विगत पाँचबर्षदेखि दासताको जीवन बाँची रहेका थिए। सन् १९८३ मा खानीहरुका ठेकेदार इस्पात खाँ, अब्दुल गफ्फुर शराफी खाँ एवं जयकम खाँ आदिले यी मजदुर हरुलाई अलवर जिल्लाबाट राम्रो मजदूरी को लोभ देखाई फकाएर ल्याएका थिए। १३ महिला एवं १९ बच्चाहरु सहितका यी सबै ४८ मजदूरहरु बंजारा जनजातिका हुन र पहिले राजस्थान जिल्लाको अलवरमा माटो बा नुन इत्यादि बेचेर जीविकोपार्जन गर्दथे। ठेकदारहरुको कुरा पत्याएर यी मजदूरहरुले केही पैसा पेश्कीको रुपमा लिए। यी दश परिवारले कूल ११७००। रुपैयाँ पेश्किका रुपमा लिए र खोंडबसईमा आएर ढुंगा खानीहरुमा काम गर्न थाले। खोंडबसई पुगेपछि केही समय पश्चात इस्पात खाँले यी मजदूरहरुलाई पूर्णतया बँधुवामा परिणत गरिदिए। जुन पेश्की मजदूरहरुले लिएका थिए त्यो कम हुनुको सट्टा बढ्दै गयो। मजदूरीको नाममा केवल जीउँदो रहन पुग्ने केही खाने-पिउने वस्तु दिइन्थ्यो।

यस प्रकार पाँच बर्षसम्म यी मजदूरहरु बँधुवा बनेर काममा खटिरहे र अमानवीय शोषणको शिकार भइरहे। नोभेम्बर १९८८ मा यी बँधुवा मजदूरहरु कसैगरी बँधुवा मुक्ति मोर्चाको एक कार्यकर्ताको सम्पर्कमा आए। केही मजदूर लुकी छिपी ती कार्यकर्ताका साथ बँधुवा मुक्ति मोर्चाको दिल्लीस्थित कार्यालयमा आइपुगे। दिल्ली आउनेमा लल्लु, मोती, गोपाल र कैलाश आदि थिए। यिनीहरुले मोर्चाका महासचिव कैलाश सत्यार्थीलाई आफ्नो व्यथा सुनाए। सत्यार्थीले १४ सेप्टेम्बर ८८ कादिन बँधुवा मजदूर श्री गोपालका हात इस्पात खाँ, अब्दूल गफ्फूर, शरफी खाँ आदिका नाममा एक पत्र पठाए। गोपालले जब त्यो पत्र इस्पात खाँलाई दिए खाँले तत्कालै उक्त पत्र च्यातेर फालीदिए र पत्रवाहकसंग दूर्व्यवहार गरे। त्यस घटनाको जाँचगर्न र त्यहाँ वास्तवमै मजदूरहरुलाई बँधुवा बनाएर राखिएको छ कि छैन पत्ता लगाउन महासचिवले एक कार्यकर्ता रमेश आर्यलाई खोंडबसइ गाउँ पठाए। आर्यको जाँच अनुसार मजदूरहरुलाई पूर्णरुपमा बंधुवा बनाएर राखिएको थियो। र उनीहरुको स्थिति ज्यादै नराम्रो थियो। त्यसपछि सत्यार्थीले गुडगाँव जिल्ला का उपायुक्त सित फोन सम्पर्क गरे र बँधुवा मजदूरहरुका बारेमा बताए। उपायुक्त महोदयले बँधुवा मजदूरहरुलाई मुक्त गराउन प्रशासनिक सहयोग गर्ने आश्वासन दिए। कुराकानीका दौरान तय गरियोकि २५ सेप्टेम्बरका दिन विहान ११ बजे उपायुक्त महोदयको कार्यालयमा नुहुँको सम्बन्धित अधिकारीपनि उपस्थित हुनेछन् र उनीहरुले बँधुवा मुक्ति मोर्चाको एक दलका साथ खोंडवसई गएर मजदूरहरुको गुनासोको जाँच गर्नेछन्।

मुक्ति अभियानको दिन :

सेप्टेम्बर २५ कादिन विहान दशबजे बँधुवा मुक्ति मोर्चाको एक दल गुडगाँबका लागि रवाना भयो। त्यस दलमा कैलाश सत्यार्थी, श्योताम सिंह, हरी कुमार, रमेश आर्य एवं कुमारी सुमन थिए। त्यस दलकासाथ सबै मुख्य समाचारपत्रहरुका संवाददाता एवं फोटो ग्राफर पनि थिए। एघार बजे त्यो दल गुडगाँबमा उपायुक्त महोदयको कार्यालयमा पुग्यो, तर त्यसबेला थाहा भयो उपायुक्त महोदय कतै बाहिर गएका छन्। कार्यालयमा सोधेपछि थाहा भयो कि खोंडबसई का बँधुवा मजदूरहरुसंग सम्बन्धित कुनै आदेश उनले आफ्नो कार्यालयमा दिएका रहेनछन् र न नहुँको एस. डि. एम.लाई कुनै निर्देश दिएका थिए। अन्य बरिष्ठ अधिकारीहरुसंग सम्पर्कको प्रयास गरियो तर कसैसंग सम्पर्क हुन सकेन। उपायुक्तको कार्यालयबाट नै नुहुँका एस.डि.एम. लाई फोन गरियो। उनले फोनमा बताएकि उपायुक्त महोदयले बँधुवा मजदूरहरुका बारे कुनै निर्देशन दिएका छैनन्। कुराकानीका दौरान उनले सत्यार्थीलाई सोहनाको अतिथिगृहमा पुग्न भने र स्थानीय तहसीलदार तथा थानाध्यक्ष पनि दलसंगै खाँडबसई जाने कुरा बताए। उपायुक्त महोदयको कार्यालयबाट निकै प्रयास गर्नाको बावजूद पनि मोर्चाको दलकासाथ खाँडबसई जाने पुलिसकर्मी उपलब्ध हुन सकेनन्। अन्तत बँधुवा मुक्ति मोर्चाको दल सोहनाका लागि रवाना भयो। सोहना पुगेपछि तहसीलदार र थानाध्यक्षसंग भेटघाट भयो। खाँडबसईमा जतिखेर त्यो दल निर्धारित ठाउँमा पुग्यो बँधुवा मजदूर खुला आकाश तल एकातिर बसिरहेका थिए। मजदूरहरुको यो दल बाहिरका मानिस र पुलिसहरुलाई देखेर आत्तियो। तर तुरुन्तै उनीहरुले सत्यार्थी र मोर्चाका अन्य कार्यकर्ताहरुलाई चिनी हाले। र उनीहरुले बुझिहाले उनीहरुको मुक्तिको दिन आयो। यसैबीच पत्रकारहरुले मजदूरहरुसंग साक्षत्कार लिन शुरु गरे। फोटोग्राफरहरुको क्यामरा चल्न थाल्यो। बुढी आइमाई सत्यार्थीका सामु आएर रुन थाली। केटाकेटी कराउन थाले। पूरै बातावरणमा दौडधुप मच्चियो। ..... यसरी २५ सेप्टेम्बरका दिन ४८ जना मजदूरहरुले विगत पाँच बर्षदेखिको बँधुवा जीवनबाट मुक्ति पाए। □

मानव अधिकार सचेतन अभियानको सैध्दान्तिक पक्ष

केदार न्यौपाने

जन समुदायलाई सचेत गर्नु भनेको के हो ?

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा हाल देशका पाँचवटा विकास क्षेत्रमा पर्ने पच्चीसवटा जिल्लामा मानव अधिकार सचेतन कार्यक्रम संचालन भैरहेको छ। सम्बन्धित सबै जिल्लाहरुमा मानव अधिकार-स्वयंसेवकहरु पुगेका छन् र कार्यक्रमको संयोजन र संचालन गरीरहेका छन्। मानव अधिकार स्वयं-सेवकहरुले मुख्यत: तीन किसिमका कामहरु गर्ने गर्छन्।

- निम्न तहका जन समुदायलाई मानवअधिकारबारे सचेत गर्ने
- मानव अधिकारको हनन् तथा उल्लंघनको रिपोर्ट तयार गर्ने, रिकर्ड राख्ने तथा सम्बन्धित ठाउँमा सूचना पठाउने
- मानव अधिकारको हननबाट पीडित भएका व्यक्तिहरुलाई सम्भव भएसम्म कानूनी उपचार को निम्ति सहायता गर्ने

उपर्युक्त कार्यक्रमको उद्देश्य आम तथा आधारभूत जन समुदायको बीचमा मानव अधिकार को वास्तविक ज्ञान पुऱ्याउने तथा प्रजातन्त्र र मानव अधिकारको रक्षाको निम्ति जनसमुदायको सहभागिता जुटाउने रहेको छ। मानव अधिकारवारे जबसम्म निम्न तहका असंख्य जनता आफै सचेत हुँदैनन् तबसम्म कुनै खास नेता या दलद्वारा मात्र मानवीय मूल्य र मर्यादाको रक्षा गर्न संभव हुँदैन। त्यस्तो अवस्थामा मानव अधिकारको नारा टाठा-बाठाहरुको ठगि खाने भाँडो मात्र बन्न जानेछ। मानव अधिकार बारे जनतालाई जागरण गराउने हाम्रो अभिप्रायको व्याख्या निम्न बमोजिम गर्न सकिन्छ :

मानिस भएकोमा गर्व गर्न सिकाउनु :

जीवनको हरक्षेत्रमा रहेको विकट समस्याको कारण असह्य दु:खकष्ट झेली रहेका निम्न तहका अचेत जनता, पशु र आफूमा कुनै भिन्नता नदेखेर आफ्नो जन्मलाई नै धिक्कारी रहेका छन्। भोक, रोगबाट हर्दम सताइनु परेको, समस्या समाधानको कुनै उपाय फेला नपरेको पीडामा मानिसहरु जीवनलाई भार ठानीरहेका छन् र मानवीय जीवनप्रति उनीहरुलाई कुनै हर्ष लागि रहेको छैन। यो हिनताबोध, जीवन प्रतिको यो पश्चाताप मावनीय विकास र प्रगतिको निम्ति डरलाग्दो संकेत हो। यो दुनियामा चेतनाको सर्वोच्च केन्द्र मानिसहुनु स्वयंमा गर्वको विषय हो। हामी मानिसहरुलाई आव्हान गर्छौं - "तपाई जति सुकै दुखी भएपनि मानिस हुनुहुन्छ मानिस। शिर ठाडो गर्नुहोस् र गर्विलो हाँसो हाँस्नुस्।" जीवन प्रतिको पलायन प्रवृतिलाई हटाउनु र आशावादको संचार गर्नु मानव अधिकारको पहिलो पाठ हो। किनभने मान्छेको जीवनको प्रस्थान विन्दु नै यही हो।

शक्तिको पहिचान गराउनु:

प्रकृतिसंग जोडदार संघर्ष गरेर आज संसार लाई सभ्यताको यस तहसम्म ल्याई पुऱ्याउने शक्ति मानिस नै हो। मानिस प्रकृतिले जे दियो त्यही ग्रहण गर्दैन। आफूभित्र रहेको अपार शक्ति प्रयोग गरेर प्रकृतिलाई मानिसले आफ्नो अनुकूल बनाउँछ। यही चेतना र शक्ति नै पशु र मानिसलाई भिन्नता गर्ने मूल कडी हो। तर आफूभित्र जुन शक्ति अपार रुपमा रहेको छ त्यसको ठीक अन्दाजा स्वयं जनसमुदायलाई भइ रहेको छैन। यही कारण सबै श्रमजीवि जनता, आफू दुनियाँको मालिक भएको र इतिहास निर्माता भएको कुरा बुझ्दैनन्। आफूभित्र लुकेर रहेको

मागेर खानुपर्ने स्थिति आउनु पनि मानव अधिकारबाट बन्चित हुनु हो।

राजनीतिक अधिकारबाट बिछोडिनु पनि मानव अधिकारबाट टाढिनु हो

अद्भुत शक्तिको अन्दाज गर्न नसक्ने जन समुदायको कम्जोरीबाट फाइदा उठाएर जाली फटाहाले सभ्यताको निर्माणको श्रेय आफूले लिएर जनतामाथि शोषण-शासन गरीरहेका छन् र उनीहरु निम्न तहका जनताको तिरस्कार गर्दछन् । हामी यस कुराको पोल खोल्न चाहन्छौं । हामी जनतालाई आफ्नो शक्ति पहिचान गर्न, त्यसमाथि नियन्त्रण गर्न तथा आफ्नै हितमा त्यसको सदुपयोग गर्नका निम्ति प्रेरित गर्न चाहन्छौं । आफूभित्र रहेको शक्तिको ठीक अन्दाज गर्न नसक्दा मानिस गर्न सक्ने काम पनि गर्न नसक्ने हुन्छ र अद्भुत कार्यको समेत अवमूल्यन भइरहेको हुन्छ । सभ्यतालाई अगाडि बढाउन र मानवीय मूल्यको स्थापना गर्नका निम्ति यस्तो प्रकृति बाधक हुन्छ । त्यसैले मानिसलाई उस्को शक्तिको पहिचान गराई सिर्जनाको मुहान खोल्नु र बाधा पन्छाउनु मानव अधिकारको दोश्रो पाठ हो ।

मानिस सबै बराबर हुन् भन्ने कुराको बोध गराउनु :

धेरै पीडित मानिसहरु आफ्नो पीडाको दोष आफ्नै भाग्यमाथि थोपर्दछन् र आफू अर्काको तुलनामा उपेक्षित भएको, अपहेलित भएको कुरालाई स्वभाविक नियतिको रुपमा लिएर सन्तोष व्यक्त गर्न खोज्दछन् । यो चेतनाको अभाव हो । काम, योग्यता तथा दायित्वका हिसाबले मानिसहरुमा भिन्नता हुन सक्छ तर मर्यादाको हिसाबले मानिस ठुलो र सानो हुन सक्दैन । कुनै पनि रंग या जातिको होस् , कुनैपनि लिंग या क्षेत्रको होस् - मानिस सबभन्दा पहिले मानिस हो । त्यसैले ऊ जहाँसुकै भेदभाव रहित मानवीय सम्मानको हकदार हुन्छ । रंग, जाति, क्षेत्र, लिंग, कूल आदिको आधारमा भेदभाव गरेर व्यक्तित्व विकासको निम्ति कसैलाई समान अवसरबाट वंचित गरिनु अन्याय, अत्याचार तथा अपराधपूर्ण कुकर्म हो । धरति मानिसको साझा घर हो - समय मानिसको साझा अवसर । प्रकृतिले कसैलाई मालिक र कसैलाई नोकर बनाएर धरतिमा मानव जातिको उदय गराएको हैन । यहि कुराको अनुभूति गराउनु मानव अधिकारबारे जनतालाई सचेत गराउने कार्यमा एउटा महत्व पूर्ण पक्ष हो । मानिसले मानिसलाई घृणा गर्न सिकाउने सम्पूर्ण विभेदहरुको सत्यानास हुनै पर्छ ।

"नारी-पुरुष समानता" को पक्षपोषण गर्न प्रेरित गर्नु:

सबैलाई थाहा भएको कुरा हो - नारीबेगर मानव जातिकै विकास अवरुद्ध हुन्छ । नारीहरु श्रृष्टिका मुहान मात्र होइनन् सभ्यताका संरक्षक पनि हुन । तर दुनियाँमा र हाम्रै मुलुकमा विभेदका र अपमानका सबभन्दा ठूलो शिकार नारीहरु नै भएका छन् । किनभने धर्म, कानून, समाज तथा परम्परा सबै नारीका विरुद्धमा छन् । अहिले सम्म नारीहरु हर क्षेत्रमा पुरुष जत्तिकै सक्षम् छन् भन्ने कुरालाई मान्यता दिइएको छैन । नारीहरु समाजमा अपमानित हुनुको कारण पनि यही हो । हामी जनसमुदायलाई आब्हान र आग्रह गर्न चाहन्छौं - प्रत्येक घर, टोल, गाउँ या समाजमा नारीहरुको मतको कदर गरियोस् , नारीहरुको बोझलाई हलुका बनाउनको लागि काममा उचित सहयोग र सहभागिता जुटाइयोस् तथा नारीहरुलाई सामाजिक काममा सहभागि बनाउनको निम्ति उचित वातावरणको सिर्जना गरि योस् ।

मानव अधिकार बारेको सही वैचारिक अवधारणाको अवगत गराउनु

वास्तवमा मानव अधिकार भनेको के हो ? यस सम्बन्धमा विवादास्पद अवधारणाहरु छन् । कतिले मानिसका मत जाहेर गर्न पाउने, संघ-संस्था खोल्न पाउने तथा भेला हुन पाउने आदि नागरिक राजनीतिक अधिकारलाई मात्रै मानव अधिकार ठानेर उनीहरुको आर्थिक र सामाजिक अधिकारलाई महत्वहीन बनाएका छन् । कतिले चाहि यसको ठीक उल्टो मानिसका आर्थिक र सामाजिक अधिकारलाई मात्र मानव अधिकारको श्रेणिमा राखेर उनीहरुका राजनीतिक अधिकारलाई कुनै महत्व दिएका छैनन् फेरि कतिले चाहि मानिसका राजनीतिक र आर्थिक दुवै अधिकारलाई मान्यता दिएपनि दुवैलाई एक अर्कासंग सम्बन्धित र अविछिन्न नठानेर अलग्याएर या असम्बन्धित बनाएर हेर्ने गरेका छन् र राजनीतिक अधिकार प्राप्त भएपछि आर्थिक सामाजिक अधिकार क्रमश: स्वत: प्राप्त भै हाल्छ भन्ने धारणा राख्ने गरेका छन् । यी कुनै पनि अवधारणाहरु पूर्ण रुपले सत्य छैनन् ।

मानव अधिकार भनेको मानिसको बाँच्न पाउने अधिकार हो । जीवनको अधिकार हो । तर पशु जस्तो भएर होइन-मर्यादित भएर जीउन पाउने अधिकार । त्यसैले मानिस खुशी भएर आत्म सम्मानका साथ जीउन पाउने सम्पूर्ण तर मुक्त परिवेसलाई मात्र मानव अधिकार सहितको परिवेश मान्न सकिन्छ । मानव अधिकारका निम्ति दुइवटा आधारभूत तत्व आवश्यक छ ।

क) मानिस कुनै पनि सुविधाबाट बन्चित हुनुहुँदैन ।

ख) सरकार जनताको इच्छामा चल्नु पर्छ।

उपर्युक्त आधारहरुको अर्थ हो - आर्थिक-सामाजिक अधिकार र राजनीतिक नागरिक अधिकार मानिसका अविछिन्न अधिकारहरु हुन् । आर्थिक सामाजिक अधिकार नभए मानिस सुविधाबाट वंचित हुन्छ, नागरिक राजनीतिक अधिकार नभए सरकार मानिसको इच्छा बमोजिम चल्न नमान्ने स्वेच्छा चारी हुन्छ । यी दुवै कुराले मानिसलाई आत्म सम्मानका साथ जीउन दिदैन । मानिसको जीवनलाई अप्ठ्यारो बनाउने, आत्म सम्मान र मर्यादामा चोट पुऱ्याउने तथा मुक्त चिन्तनमाथि रोक लगाउने कुनै पनि प्रवृत्ति वा व्यवहार मानव अधिकारको दायरा भित्र पर्दैनन् । मानव अधिकार यो सच्चाइलाई उद्घाटित गर्नु तथा एकांगी धारणाको विरोध गर्दै यो वैचारिक पक्ष बारे मानिसलाई अवगत गारउनु सचेतन कार्यक्रमको अर्को महत्वपूर्ण अभिप्राय हो ।

स्वच्छ वातावरणका निम्ति जागरुक बनाउने:

स्वस्थ्य जीवनको निम्ति वातावरणको स्वच्छता आवश्यक कुरा हो । वातावरण अस्वस्थ हुनु भनेको स्वस्थ भएर जीउने अधिकारको हनन् हुनु हो । त्यसैले स्वस्थ्य वातावरण मानिसको जन्मजात अधिकार हो । जानेर होस् वा नजानेर वातावरणलाई प्रदुषित बनाउनु भनेको मानिसको जन्म जात अधिकारमाथि कुठाराघात गर्नु हो । त्यसैले जीवनको निम्ति राजनीतिक र आर्थिक अधिकार मात्रै होइन स्वस्थ्य वातावरणको समेत आवश्यकता पर्छ भनेर हामी जनतालाई अवगत गराउन चाहन्छौं । हामी उनिहरुलाई घर, टोल र गाउँ सफा गरेर, धुवाँ तथा नशालु पदार्थ सेवन नगर्ने अनुरोध गरेर, रुख रोपेर वातावरणलाई सफा पार्ने र आफ्नो जीवनलाई लम्ब्याउने र चनात्मक काममा सहभागि बन्न अभिप्रेरित गर्न चाहन्छौं ।

हुन त आज सिंगै धरती र आकाश दुषित हुदैछ - दुषित पारिदैछ र मानिसको आयूलाई

छोटाइदैछ । धनाढ्य राष्ट्रहरु आफ्नो साम्राज्य जोगाउन विषाक्त हतियार पड्काएर वायु दुषित बनाउदैछन् । विना अर्थ निमुखा जनताहरु त्यसको फल भोग्दैछन् । मानिसले चुरोट छोडेर र केही रुख रोपेर मात्र यो सफल हुन संभव छैन । तर जनताको पहल र रचनात्मक सहयोगको कुनै मूल्य छैन भन्ने होइन । वातावरण जोगाउने मुख्य काम सरकारको हो र सरकारले वातावरण रक्षाको कानून बनाउनु पर्छ । तर कानून जनताको जीविका नखोसिने गरी बनाउनु पर्छ । हामी जनतालाई यही कुरा बताउन चाहन्छौ । त्यसका निम्ति दवाव दिन उनिहरु आफैले पनि अनुकरणीय उदाहरण देखाउनु पर्छ भन्ने बताउँछौ । स्वच्छ वातावरण प्रति चनाखो हुन र त्यसको निर्माणमा सहभागिता जुटाउन प्रेरित गर्नुकासाथै वातावरण दुषित बनाएर निर्दोष जनताको ज्यान लिने पूँजीवादी सम्राटहरुको पहिचान गराउनु भनेको मानवीय मूल्यको रक्षा गर्नु तथा मानव अधिकारबारे सजग गराउनु हो ।

अधिकार विहिन जीबनप्रति चित्त नबुझाउन अभिप्रेरित गर्नु:

तपाईको जीवन किन दु:खमय छ भनेर कुनै पीडित मानिसलाई प्रश्न गर्नेहो भने प्राय: जवाफ यस्तो पाइन्छ - "मेरो भाग्य नै यस्तो" हामी भाग्य र कर्मलाई दोष दिएर आफ्नो पीडाप्रति सन्तोष व्यक्त गर्ने अचेत मानिसहरुको यस्तो विचारलाई फेर्न चाहन्छौ । दोष भाग्य र कर्मको होइन त्यसका दोषिहरु अरु नै छन् र यही धरतीमा छन् भनेर बताउनु हाम्रो काम हो ।

- मानिसले आफ्नो भाग्यको निर्माण आफै गर्छ भन्ने कुरा हामी बुझाउन चाहन्छौ ।
- आम मानिसलाई दु:ख दिने तह, तप्का, व्यक्ति, प्रकृति, संस्था र सांस्कृतिक पक्षको पहिचान गराउन चाहन्छौ । मानवीय पीडा पुर्पुरोमा लेखिएको कारणवाट उत्पन्न हुने कुनै दुर्घटना होइन त्यो त कसैवाट लादिएको अन्याय हो । त्यो लाद्ने अरु कोही होइन समाजको वर्गीय ढाँचा हो । उपल्लो वर्गका मानिसलाई गाउँ घरमा ठूलो जमिन्दार र शहरतिर ठूलो पूँजीपति भनेर चिनिन्छ । जसले दृश्य-अदृश्य रुपमा मानिसहरुको कमाई खोस्ने गरेको छ । त्यतिमात्र होइन उनिहरुले आफ्नो हित अनुकूल नचल्दा आम मानिस माथि जाली मुद्दा लगाउने र सताएर थकित बनाउने कृते काम समेत गर्दै आएका छन् । यस्तो वर्गीय स्वरुपमा पनि कुनै व्यक्ति विशेष अपवादका रुपमा देखा पर्लान तथापि समष्टिमा देखिएको सत्य यही नै हो ।

रुढीग्रस्त परम्परा विचार - शास्त्रको नाममा चिनिन्छ तर त्यसले मानिसलाई आफ्नो दु:खमय जीवनप्रति सन्तोष गर्न सिकाउँछ र परपीडक र अधिकारका हनन् कर्ताहरुलाई भाग्यमानिको दर्जा दिएर सम्मान सहितको वैचारिक सुरक्षाको कवच ओढाउँछ ।

अधिकार सम्पन्न संस्था या निकायलाई सरकार , प्रशासन भनेर चिनिन्छ । प्रजातान्त्रिक मुलुकमा सर कार जनताद्वारा निर्वाचित हुन्छ र संविधानको आधारमा निर्मित कानूनलाई व्यवहारिक रुप दिएर कानूनी राज्यको स्थापना गर्नु उसको कर्तव्य हुन्छ । यसको अर्थ हो जनताका अधिकारहरुको रक्षा गर्नु । तर व्यवहारमा के देखिन्छ भने सरकार र प्रशासनका गलत क्रियाकलापहरु नै कहिले कांही जनताको पिठ्युमा लादिएका पहाड बनि दिन्छन् । जनतालाई दु:ख दिने साधन बनिदिन्छन् ।

कतिपय बेला गाउँघरमा जाली फटाहाले जनतालाई दु:ख दिन्छन् - जाली मुद्दा लगाउछन् । तर प्रशासनले जाली फटाहासंग मिलिमतो गरिरहेको हुन्छ र सरकारले प्रशासनको सुरक्षाको निम्ति छाता ओढाई रहेको हुन्छ ।

जनता रोजगार नपाएर, वासहीन भएर, सामाजिक सुरक्षा नभेट्टाएर तडपीरहेका हुन्छन । सरकार र प्रशासन भने तमासे भइरहेका हुन्छन् । यति मात्रै होइन आफैले चुनेको सरकारसंग सरकारद्वारा नै कबुलिएको अधिकारको माग गर्दा पनि जनताले थुनछेक र हत्यासम्मको शिकार हुनु पर्छ ।

उपर्युक्त कुराको सार के हो भने - मानिसलाई दु:ख दिने मुख्यत तीन तत्व छन् - स्थानीय जालीफटाहा, भाग्यवादी विचार तथा सरकार र प्रशासनका जनविरोधी क्रियाकलाप । भाग्यवाद र कर्मवादको रसमा लट्ठ्ठीएर वास्तविक कुरो नवुझदा मानिस भाग्यवादी हुन्छ र आफ्नो कष्टप्रति विवशता जाहेर गर्नु वाहेक ऊसंग केही वाँकिरहदैन । सुखद् जीवनको कल्पनामा पीडामय जीवन या अपमानलाई तिरस्कार गर्न सिक्नु होस् तथा परपीडकहरु को को हुन् एक-एक गरी चिन्नु होस् ।

अधिकार प्राप्तिको निम्ति आन्दोलित तुल्याउनु:

अधिकार भनेको कसैले कृपा गरेर दिने दान होइन । अनुनय विनय गरेर लिइने भिक्षा होइन । मानिस हुनु भनेको स्वयं मानवीय जीवनको निम्ति चाहिने हरेक चीजको हकदार हुनु हो । तर अचेतन जन समुदायले यस्तो कुरा बुझन नसकेको कारणले मुठ्ठीभर टाठा वाठा र जाली फटाहाहरुले सम्पूर्ण अधिकार जति आफ्नो हातमा केन्द्रित गरेका छन् । जन समुदायलाई त्यसवाट बन्चित गराएका छन् । परिणामस्वरुप काम जति गरिव र दु:खीको भागमा पर्दै आएको छ । यसले गर्दा समाज स्पष्टत: दुई खेमामा बाँडीएको छ ।

पहिलो - त्यो खेमा जसको हातमा निर्णयगर्ने अधिकार र प्राकृतिक श्रोत साधन केन्द्रित छ

दोश्रो - त्यो खेमा जो साधन विहिन छ र निर्णय गर्न होइन मान्न चाहि बाध्य छ ।

पहिलो खेमा आफ्नो स्वार्थको निम्ति सम्पूर्ण मानवीय मूल्यलाई लत्याउन चाहन्छ र कुनै न कुनै प्रकारले कुनै न कुनै वहानामा आफ्नो शक्तिको प्रयोग गरेर मानव अधिकारको उल्लंघन गर्न चाहन्छ । दोश्रो खेमा अचेतन र असंगठित भएकाले पीडा भोग्न र भाग्यलाई सराप्न बाध्य छ । हामी यो खेमालाई आन्दोलित गर्न चाहन्छौ ।

आन्दोलित गर्नु भनेको के हो ?

पहिलो - अधिकार भिक्षा होइन त्यो तपाइको आफ्नो सम्पति हो भनेर बुझाउनु

दोश्रो - अधिकार आफ्नै सम्पति भएको कारण त्यो लिनुहोस् भनेर जोड गर्नु

तेश्रो - आफ्नो अधिकार लिन खोज्दा अरुको अधिकार माथि अतिक्रमण नहोस् भनेर ध्यान आकर्षण गर्नु

चौथो - आफ्नो अधिकारको उपभोग गर्दा तथा खोसिएको अधिकार लिन खोज्दा कसैले बाधा र विपत्ति खडा गर्छ भने अधिकार खोसिएकाहरुको एकता कायम गर्नुहोस् र अधिकार हनन्को विरोधमा एक स्वरले आवाज उठाउनु होस् तथा दवाव सिर्जना गर्नुहोस् भनेर अभिप्रेरित गर्ने

पाँचौ - पाएको अधिकार जोगाउन र उपभोग गर्न, नपाएको अधिकार लिन र खोज्न, अधिकार हनन् हुदैछ कि छैन भनेर हर्दम बुझन चनाखो हुनुहोस् भनेर आव्हान गर्नु ।

(बाँकी ३१ पेजमा)

मानव अधिकार तथा सामाजिक सचेतन अभिबृद्धि कार्यक्रमः हालसम्मको स्थिति

प्रमोद काफ्ले

चेतनाको अभावमा समुन्नत समाजको परिकल्पना गर्न सकिदैन। चेतना विना विकास गर्न खोज्नु डोकोमा पानी थाप्नु जस्तै हुन्छ। सचेतनले अधिकार र कर्तव्य दुवै कुरालाई जनाउछ। यसले मानवीय स्वभावलाई पनि असल मार्गतर्फ डोऱ्याउछ। अचेत अवस्थाले गर्दा मानिसहरु कैयौ सामाजिक कुरीतिलाई त्याग्न सक्दैनन् र आफ्नो औकातभन्दा बढी खर्च गर्दछन्। अर्कोतिर आफैले पाउने श्रमको मूल्य आदिवारेमा भने उनीहरु अनभिज्ञ हुन्छन्। आफ्नो दायित्व, राज्यवाट पाउनु पर्ने सुरक्षा आदिका बारेमा नबुझदा मानिसले न्यूनतम अधिकारवाट पनि बन्चित हुनु पर्ने हुन्छ भने आफ्नो स्रोतवाट सम्भव हुन सक्ने कार्यलाई पनि असंभव ठान्नु पर्ने हुन्छ।

यिनै कुराहरुलाई मनन गरी विगतमा इन्सेकद्वारा सवभन्दा पिछडिएको ग्रामिण समुदाय र महिला वर्गमा मानव अधिकार तथा सामाजिक चेतनाको प्रसार गर्ने उद्देश्यले मानव अधिकार तथा सामाजिक सचेतन अभिबृद्धि कार्यक्रम संचालन भैरहेको छ। कार्यक्रम संचालन भैरहेका अधिकांश जिल्लाहरु पहाडि र विकट छन्।

" कानूनी, सामाजिक, साँस्कृतिक तथा आर्थिक अधिकार सहितको मानव अधिकारका बारेमा आधारभूत जनसमुदायलाई सचेत तुल्याउने।"

" नेपालको विद्यमान संविधानले प्रदान गरेका मौलिकहकका बारेमा आम जनसमुदायलाई जानकारी गराउने र उनीहरुलाई ती अधिकारहरुको उपयोग गर्न अभिप्रेरित गर्ने।"

मूलतः यिनै दुइ उद्देश्यलाई अघि सारेर अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गत बैशाखदेखि देशका पच्चीस जिल्लाहरुमा मानव अधिकार तथा सामाजिक सचेतन अभिबृद्धि कार्यक्रम संचालन गरिरहेको छ। यस सचेतन अभियानको परिकल्पनामा स्व. प्रकाश काफ्ले प्रमुख रुपले सहभागी हुनुहुन्थ्यो।

विशेषतः सवभन्दा पिछडिएको ग्रामिण समुदाय र महिला बर्गलाई सचेत तुल्याउने उद्देश्यका साथ संचालित यो अभियान साक्षर वा निरक्षर आम जनसमुदाय माझ सफलतापूर्वक अघि बढिरहेकोछ।

जनसमुदायका लागि जनसमुदायबाटैः

साधारणतया विकासको लागि दुई किसिमका प्रकृया अपनाइन्छन् (क) माथिवाट तय गरिए अनुसारको विकासको शैली (ख) जनताको आवश्यकतालाई मध्यनजर गरी विकास गर्ने तरीका जनताले आवश्यकता महशुस गरेको र उनीहरु स्वयंको सहभागितामा हुने कार्यहरु व्यवहारिक र टिकाउ हुन्छन्। यस कार्यक्रमलाई पनि मूलतः आम जनसमुदायको संलग्नता र सकृयतामा नै अघि बढाइने कार्य पद्धतिको निर्धारण गरिएको छ। ०४९ बैशाखको पहिलो हप्तादेखि प्रत्यक्ष रुपमा पाँच विकास क्षेत्रको पाँच पाँच जिल्लाहरु गरी जम्मा पच्चिस जिल्लामा लागु भएको यो कार्यक्रमको पहिलो चरणमा निम्न अनुसार कार्य संचालन भइरहेको छ।

जिल्ला स्वयंसेवकका निम्ति तालीम :

कार्यक्रमलाई जिल्लाका लक्षित समुदायहरुसम्म पुऱ्याउनका लागि अभिप्रेरित गर्न संभव भएसम्म त्यसै जिल्लाका एक व्यक्तिलाई कार्यक्रम वाहकको रुपमा नियुक्ति गरिएको छ। स्वयम सेवकहरुका लागि गत मार्च २५ देखि ३० सम्म आधारभूत तालीमको व्यवस्था गरिएको थियो। उक्त तालीम कार्यक्रममा मानव अधिकारको आधार भूत अवधारणालाई कसरी ग्रामिण इलाकासम्म पुऱ्याउने भन्ने विषयमा स्वदेशी तथा विदेशी गरी बाह्र जना विज्ञहरुले प्रशिक्षण दिएका थिए।

जिल्ला सकृय समूहहरुको गठन :

स्वयम सेवक हुनु र विभिन्न पेशामा संलग्न सामाजिक भावनाले ओतप्रोत व्यक्तिहरुलार्य सहभागि बनाउदै कार्यक्रमलाई लक्षित समुदायसम्म पुऱ्याउन जिल्ला सकृय समूहहरुको गठन भउका छन्। यस्ता समूहहरुको सकृयतामा नै कार्यक्रमको निरन्तरता अडेको छ। समूहहरुमा तीस प्रतिशत महिलाहरुको सहभागिता रहेको छ।

इलाका समूहहरुको निर्माण :

विभिन्न गाउँ तथा समुदायसम्म कार्यक्रमलाई पुऱ्याउने माध्यमको रुपमा सबै जिल्लाहरुमा ४।४वटा इलाका समूहको निर्माण भैसकेकोछ। जुन स्वयममा सचेतनको निम्ति लक्षित समूह पनि हो।

सचेतन समूहहरुको गठन :

विविध माध्यमवाट कार्यक्रमलाई प्रभावकारी बनाउन स्कूल, गाउँ, बस्तीमा स-साना समूहहरुको पनि निर्माण भइ रहेका छन्। जिल्ला स्वयम सेवक, जिल्ला सकृय समूह तथा इलाका समूह आदिको सहयोगमा बनिरहेका यस्ता समूहहरुको प्रायः सबै जिल्लाहरुमा गठन भइरहेको छ। यस्ता समुहहरु आवश्यकता अनुसार फरक फरक जिल्लामा फरक फरक संख्या रहेका छन्।

कार्यक्रम संचालनका निम्ति बनेको सांगठानिक ढाँचा

संयोजक

(सुशील प्याकुरेल)

कार्यक्रम अधिकृत

(प्रमोद काफ्ले)

क्षेत्रीय अधिकृतहरु

पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	म.पश्चिमाञ्चल	सु.पश्चिमाञ्चल
राज नारायण नेपाली	ठाकुर प्र. ढकाल	कुल राज घिमिरे	केदार न्यौपाने	दशरथ बुढाथोकी

जिल्ला स्वयसेवकहरुः

पाँचथर	**दोलखा**	**लमजुङ**	**प्युठान**	**अछाम**
प्रेम ओझा	पशुपति चापागाई	कृष्ण बाबु श्रेष्ठ	विजय सिंह के.सी	विक्रम कुवर
तेह्रथुम	**काभ्रे**	**पर्वत**	**सल्यान**	**डोटी**
पिंगल राज गौतम	केदार कोइराला	विश्व राज पाण्डे	भरत मणि ढकाल	शंकर बोगटी
धनकुटा	**रसुवा**	**स्याङ्जा**	**सुर्खेत**	**डडेलधुरा**
हरिप्रसाद अधिकारी	प्रेम पराजुली	मन कुमार अधिकारी	गीता अधिकारी	कमल सिंह ठग्गुना
भोजपुर	**नुवाकोट**	**गुल्मी**	**बाँके**	**बैतडी**
रुद्र नेपाल	राम शरण प्याकुरेल	गोपाल प्रसाद खनाल	तुलसी थापाविजय	सिंह धनुक
उदयपुर	**धादिङ**	**अर्घाखाँची**	**बर्दिया**	**कन्चनपुर**
दुर्गा कुमार थापा	रमेश वानिया	मोति खनाल	नरेश राना	लिलाध्वज बस्नेत

सचेतन अभिवृद्धि कार्यक्रम संचालन भएका जिल्लाहरू

कार्यक्रमको गति र स्वयम सेवकहरुको सकृयताः

विगत तीन महिनाको अबधिमा यस कार्यक्रमले स्थानीय समुदायको सहभागिता र सकृयतामा गति लिइसकेको छ। कार्यक्रम संचालन भैरहेका जिल्लाहरुमा सकृय तथा इलाका समूहहरुको माध्यमबाट विभिन्न रचनात्मक कार्यहरु नियमित रुपमा भैरहेका छन् । जिल्ला तथा इलाका समूहद्वारा आयोजित विभिन्न कार्यक्रमहरुमा लक्षित आधारभूत समुदायका साथै विभिन्न कार्यालयका प्रमुखहरु, न्यायाधिशहरु, प्रहरी अधिकृत, प्रमुख जिल्ला अधिकारी र विविध पार्टीका स्थानीय नेता वा कार्यकर्ताहरु समेत सहभागी भइरहेका छन्। हालसम्मको स्थितिलाई हेर्दा कार्यक्रम लक्षित जनसमुदायसम्म प्रभावकारी ढंगले पुगेको छ भन्नु पर्ने नै हुन्छ। हालसम्म स्कुलहरुमा मानव अधिकार को परिचय, छलफल आदि कार्यक्रम भइ सकेका छन भने जिल्ला स्तरीय परिचयात्मक कार्यक्रम, निर्वाचन पर्यवेक्षण, वृक्षारोपण, जिल्लास्तरीय निबन्ध प्रतियोगिता र गाउको अध्ययन आदि कार्यक्रमहरु पनि धमाधम भइरहेका छन्।

विभिन्न समूहमा शिक्षक तथा सामाजिक व्यक्तित्वहरुको सहभागिता रहेको छ। निर्वाचन पर्यवेक्षणमा पनि स्थानीय व्यक्तित्वहरुकै सहभागिता रहेको थियो । वृक्षारोपण, जिल्ला स्तरीय परिचयात्मक कार्यक्रम तथा निबन्ध प्रतियोगिता अदिमा जिल्ला प्रशासन, राजनैतिक कार्यकर्ता, शिक्षक, विद्यार्थी आदिको सकृय सहभागिता रहदै आएको छ।अन्य कार्यक्रमहरुमा पनि शिक्षक विद्यार्थीको उल्लेख्य सहभागिताका कारण लक्षित समुदाय बाहेकका व्यक्तिहरुमा पनि मानव अधिकार बारे जिज्ञासा पलाएको देखिएवाट अझ बढी उपलब्धी भएको महशुस गरिएको छ ।

जिल्ला जिल्लामा स्थानीय अवस्थाको गहीरो अध्ययन गर्दै त्यस अनुरुपको कार्यक्रम नै संचालन भैरहेको छ। त्यसै सन्दर्भमा जिल्लाको एउटा अति पिछडिएको ठाउँ वा जनजातिका बारेमा अध्ययन गर्नेकाम समेत हुदैछ । त्यस्ता करिव पच्चीस स्थान र जनजातीका सम्बन्धमा गरिएको अध्ययन त समाप्त पनि भइसकेको छ ।

(स्व. काफ्लेः सचेतन कार्यक्रम समारोहमा अन्तिम पटक धुन्चे, ०४९ असार १६)

लक्षित समुदायलाई बढी जोड दिई अन्य तहका समुदायहरुमा सचेतन कार्यक्रम पुऱ्याउदा मान अधिकार हननमा कमि आएको देखिएको छ। यस्तो सचेतन कार्यक्रमले एक निरन्तर प्रकृयावाट असल संस्कृतिको विकासलाई मद्दत पुग्ने कुरा स्वभाविकै छ। कार्यक्रमको प्रभाव तथा विस्तार एउटा निरन्तर प्रकृयावाट मात्र संभव हुने हुनाले यहाँ दुई प्रकारले उक्त कार्यलाई निरन्तरता दिने प्रयाश हुदैछ।

क) प्रत्यक्ष संलग्नतामा आधारित रचनात्मक कार्यहरुः

प्रत्यक्ष संलग्नतावाट प्राप्त ज्ञान अन्य शैली वा माध्यमबाट पाएको ज्ञानभन्दा बढी उपयोगी हुन्छ । त्यसैले माथि उल्लेख गरिएका कार्यहरु मध्ये आफूले रोजेको प्रतिनिधिलाई चुन्न पाउने अधिकारको हनन भएको छ, छैन भन्ने कुरा कसरी हेर्ने भन्ने सम्बन्धमा निर्वाचन पर्यवेक्षण कार्यक्रमले सिकायो। त्यस्तै जिल्ला तथा इलाका समूहहरुले वातावरण सन्तुलनका लागि बृक्षारोपण गर्ने जस्ता रचनात्मक कार्यवाट पनि सचेतनता बढाउने कामहरु गरे र त्यस्ता कार्यहरु निरन्तर भइरहेका छन्।

ख) तालीमः

स्थानीय तहमै मानवाधिकार र सामाजिक सचेतनता अभिबृद्धिका निम्ति पहल गर्न

ग्रामिण सचेतन अभिबृद्धि कार्यक्रमः स्याङजा बाने बोक देउराली, ०४९ जेठ १४ गते

सक्ने प्रशिक्षकको निर्माण होस् भन्ने उद्देश्यले दुई चरणमा "मानव अधिकार प्रशिक्षक तालीम" को व्यवस्था गरिएको छ। यस्ता प्रशिक्षक वा मानव अधिकार कार्यकर्ताको विकास गर्दै वार्षिक रुपमा तीन पटक गरिने कार्यशाला तालीम पनि उनिहरुवाट नै संचालन गराउने लक्ष्य समेत राखिएको छ। भाद्रको पहिलो र दोश्रो सातामा काठमाण्डौ र नेपालगंजमा सम्पन्न तालीमहरु द्वारा प्रत्येक जिल्लाका स्वयंसेवक, दुई स्थानीय व्यक्ति प्रशिक्षित गरिएका छन्। उनीहरुलाई "ग्रामिण इलाकामा मानवअधिकारको स्थिति" विषयक पहिलो कार्यशाला गोष्ठिमा सहभागी गराइने छ।

यसरी कार्यक्रमका लागि प्रकाशित विभिन्न पुस्तिका, पोष्टरहरु र विभिन्न कार्यक्रम तथा तालीमद्वारा प्रशिक्षित गर्दै तयार भएका कार्यकर्ताहरुवाट मानव अधिकार र सामाजिक सचेतनको अवधारणा निरन्तर रुपमा अघि बढ्ने विश्वास राखिएको छ। साथै जिल्लास्तरीय कार्यशाला तालीमको लागि कार्यपत्र प्रस्तुत गर्ने कार्यहरुमा पनि स्थानीय व्यक्तिहरुलाई नै आवश्यक सन्दर्भ सामाग्री उपलब्ध गराई बाहिरी सहयोगमा भर पर्नु नपर्ने अवस्थाको सृजना गर्ने कोशिस गरिएको छ।

यसरी जनसमुदायको सहभागितामा आधारित यो कार्यक्रमको लक्ष्य उनीहरुलाई तहगत रुपमा प्रशिक्षित गर्दै पूरा हुनेछ।

कार्यक्रमको औचित्य

नेपालको वर्तमान संविधानको भाग तीन धारा एघारदेखि तेइससम्मको तेह्रवटा धारामा आधारभूत मानवअधिकारको स्पष्ट उल्लेख गरिएको छ। कानूनको दृष्टिमा सबै नेपाली बराबर छन्। वर्तमान संविधान नेपालमा हालसम्म लागु भएका संविधानहरुभन्दा मानव अधिकारको दृष्टिकोणले पनि उत्कृष्ट मानिन्छ।

तर संविधानमा मौलिक हकको प्रष्ट उल्लेख भएर मात्र पुग्दैन। संविधानको मर्म र अक्षरको अवहेलना भयो भने संविधान कागजको खोस्टो हुन सक्दछ।

मानव अधिकारको हनन जनता र राज्य दुवै तहवाट हुन सक्दछ। तर आजसम्मको मानव इतिहासलाई दृष्टिगत गर्दा मानव अधिकार सबभन्दा बढी उल्लंघन राज्यबाट नै भएको पाइन्छ। राज्य असीमित अधिकारद्वारा सुगठित भएको हुन्छ। सेना, पुलिस, प्रशासन आदि राज्य यन्त्रको महतले विद्यमान कानून अन्तर्गत जनताको नियन्त्रण गर्नु अथवा शासन गर्नु राज्यको कर्तव्य हो। कानून र राज्ययन्त्रको प्रयोग गर्ने क्रममा राज्य निरंकुश नहोस भन्नका लागि मानिसलाई आवश्यक आधारभूत अधिकारको राज्यले कुनैपनि अर्थमा हनन गर्न नपाउने गरी संविधान बनाइएको हुन्छ। संविधानको मर्म र अक्षरको अवहेलना गरी प्रजातान्त्रिक व्यवस्थाको सर्वशक्तिमान जननिर्वाचित निकाय ससदले पनि कुनै कानून बनाउन सक्दैन। संसद वा सरकारले मौलिक हकको हनन गरेमा कुनै पनि नागरिकले न्यायपालिकाको शरण लिन सक्दछ।

जनताको चेतनास्तर अपेक्षित तहमा पुग्न नसकेकोले नै सत्र सालमा हामीले पाएको प्रजातन्त्र पनि गुमाउनु परेको थियो। माथि चर्चा गरिएका वर्तमान संविधानको सकारात्मक पक्षले मात्र सधै हाम्रो मौलिक हकको रक्षा गर्न सक्दैन। जब सम्म हामी आफै आफ्नो अधिकार प्रति सचेत हुदैनौ तब सम्म हामी आधारभूत अधिकार सम्पन्न पनि हुन सक्दैनौ। जन निर्वाचित सरकारको स्थापनापछि पनि बोल्ने, लेख्ने, सभा, जुलुस गर्न पाउने आधारभूत अधिकारको हनन भएका प्रशस्त उदाहरण छन्। प्रदर्शनकारीहरुमाथि "हुलहुज्जत गरेको" अति पुरानो र जुनसुकै निरंकुश सत्ताले लगाउने गरेको आरोप लगाएर गोली प्रहार गरिएको छ। उनीहरुको बाँच्न पाउने सबभन्दा आधारभूत अधिकारको समेत हनन गरिएको छ। संविधानलाई मिचेर पनि सरकारले विभिन्न विधेयकहरु प्रस्तुत गरेको छ, भने स्थानीय निर्वाचनमा मूलतः सत्तापक्षवाट र फाट्टफुट्ट रुपमा प्रतिपक्षवाट भएको मानव अधिकारको खुल्ला उल्लंघन पनि कसैवाट छिपेको छैन।

मानव अधिकार तथा सामाजिक सचेतन अभिबृद्धि कार्यक्रम आधारभूत जनसमूदायहरु माझ यिनै कुराहरु लिएर गइरहेको छ र मानव अधिकारप्रति उनिहरुको संवेदना उपल्लो तहमा पुऱ्याउने उद्देश्य यस कार्यक्रमले राखेको छ।

महिलाः बाध्यता या क्षमता ?

साभारः ओमेन्स लिंक , अगस्त १९८९

२३ पेजको बाँकी

निश्कर्ष :

सारांशमा के भन्न सकिन्छ भने मानव अधिकार बारे अचेत निम्न तहका जन समुदायलाई सचेत गर्नु भनेको उनीहरुलाई आफ्नो अधिकारको खोजीनीति गर्न र क्रियाशील रहन सहयोग गर्नु हो। यसको अर्थ मानिसलाई खाली कोरा सिद्धान्त मात्र नसिकाएर रचनात्मक कार्य मार्फत मानव अधिकार प्राप्त गर्ने दिशामा अघि बढ्न प्रेरित गर्नु हो। हामी मानिसमा एकको निम्ति सबै र सबैको निम्ति एकको भावना पैदा गर्दै आफ्नो पहरेदार आफै बन्न उत्साहित गर्न र उज्वल भविष्य प्रति आशा जगाउन चाहन्छौ।

मानव अधिकार को लागि एकता

शब्दः ठाकुर प्र. ढकाल
चित्रः रविन सायमी

प्रकाश – तिम्रो संझनामा

प्रकाश काफ्ले अव रहनुभएन, सुन्दाखेरी एकाएक मनलाई विश्वास लागि रहेको छैन। तर विमान दुर्घटनाको क्रूर सत्यले पूरै विकरालताका साथ यस दुर्दैव आघातद्वारा मन मष्तिष्कलाई पूर्णत: रन्थन्याईदिएको छ। कराल कालको हातद्वारा वहाँलाई खोसिनु के यसै समय हुनु थियो - जव हामी सवैका लागि, नेपाल, भूटान र भारतको मित्रतालाई बलियो पार्नेहरुका लागि, गरीव बँधुवा मजदूरहरु, वाल मजदूरहरु, नेपालभित्र र वाहिर राजनीतिक दमनका शिकार नागरिकहरुको लडाई तेज गर्नेहरुकालागि, धार्मिक पाखण्डता र साम्प्रदायिकताका काला शक्तिहरुको सामना गर्नकालागि प्रकाश काफ्ले एक प्रकाश पुंज जस्तो हुनुहुन्थ्यो।

यिनै सवालहरुसंग जुझ्न वहाँ वैंककमा वैठक गरी फर्किरहनु भएको थियो, आगामी संघर्षको भूमिका तयार गरी काठमाण्डौ आइरहनु भएको थियो, अचानक एक झड्काले सवै कुरो खोसी दियो। नेपालको धर्तीवाट प्रजातन्त्रका निम्ति उठेको संघर्षमा मैले जसलाई सवभन्दा सशक्त स्वरको रुपमा पाएँ, गरीव, दलित, शोषित मानवताको लागि जसको मनमा मैले सामाजिक परिवर्तनको आगो भर्भराइरहेको देखें- उहि आज निशव्द हुन गयो - शान्त हुन गयो।

तर एक संघर्षशील साथीको शहादतलाई हामी व्यर्थ जान दिदैनौं। जन-दक्षेसको वहाँको सपना साकार तुल्याउनका लागि, शोषण र अन्यायका विरुद्ध लडाइ गर्ने वहाँको सोचाइहरु आधारभूत परिवर्तनसम्म लैजानका लागि हामी सवै साथी संकल्प गर्छौं। प्रकाशको विचारहरुको प्रकाशले, वहाँले बनाउनु भएको मार्गको उज्यालोले हामीलाई पनि बाटो देखाउने छ।

प्रकाश उज्यालो आफ्नो सम्झनाको हामीसंगै रहन देउ,
के थाह कुन गोरेटोमा जिन्दगीको संन्ध्या हुने हो।

भी. आर. कृष्ण अय्यर
स्वामी अग्निवेश
अनवर जमाल
कैलाश सत्यार्थी
स्मितु कोठारी
विनोद अग्निहोत्री